सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० वैशाख २०८२, बुधबार (23 Apr 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जम्मु-कस्मिरमा पर्यटकमाथि आतंकवादी हमला, एक नेपालीसहित कम्तीमा २६ को मृत्यु



उपचारका लागि स्थानीय अस्पताल पुऱ्याइएका घाइते

भारतीय सञ्चारमाध्यमले सुरक्षा निकायलाई उद्धृत गर्दै प्रकाशित गरेको मृतकको सूचीमा एक नेपाली र एक युएईका नागरिक पनि

NAME	COUNTRY/STATE
MANJU NATH SHIVAMU	KARNATAKA
VINAY NARWAL	HARYANA
SHUBHAM DWIVEDI	UTTAR PRADESH
DILIP JAYARAM DESALE	MAHARASHTRA
SUNDIP NEVPANE	NEPAL
BITAN ADHKERI	
UDHWANI RRADEEP KUMAR	UAE
ATUL SHRIKANT MONE	MAHARASHTRA
SANJAY LAKHAN LELE	
SYED HUSSAN SHAH	JAMMU AND KASHMIR
HIMAT BHAI KALATHIAY	GUJARAT
PRASANT KUMAR	ODISHA
MANISH RANJAN	
RAMCHANDRAM	
SHALINDER KALPIYA	
AMIT GANJOO	UTTAR PRADESH
BHARATH BHUSHAN	KARNATAKA

एजेन्सी/ भारतको जम्मु-कस्मिरस्थित पहलगाममा मंगलबार पर्यटकको समूहमाथि बन्दुकधारीले गरेको आक्रमणमा एक नेपालीसहित कम्तीमा २६ जनाको मृत्यु भएको छ। अधिकारीहरूले विभिन्न समाचार एजेन्सीलाई दिएको विवरणअनुसार बन्दुकधारीले पर्यटकमाथि गोली चलाएका थिए, जसमा नेपाली सन्दीप न्यौपानेको मृत्यु भएको छ।

भारतीय मिडियाहरूले राति अबेरसम्म दिएको तथ्यांकअनुसार घटनामा दुई विदेशीको मृत्यु भएको छ। दुई विदेशीमध्ये एक नेपाली र एक युएईका नागरिक भएको जनाइएको छ। सन्दीपबारे विस्तृत विवरण सार्वजनिक भएको छैन।

हमलामा कैयौं पर्यटक घाइते भएका छन्, उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। अमेरिकी उपराष्ट्रपति जेडी भान्स भारत तथा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी साउदी अरबको भ्रमणमा रहेका वेला यो आक्रमण भएको छ।

घटना भएको पहलगामको बैसरन उपत्यका लेकमा अवस्थित घाँसेमैदान हो। गोली चलेको आवाज सुनेका प्रत्यक्षदर्शीका अनुसार आक्रमणकारीले जंगलबाट बाहिर निस्केर अन्धाधुन्ध गोली चलाएका थिए। प्रधानमन्त्री नरेन्द्र मोदीले आतंकवादी आक्रमणलाई 'क्रूर घटना' भन्दै दोषीलाई कडा कारबाही गर्ने प्रतिबद्धता जनाएका छन्। प्रत्यक्षदर्शी एक स्थानीय टुर गाइड वाहिदले एएफपीलाई भने, 'गोली चलेको आवाज सुनेपछि घटनास्थलतिर दौडिएँ। घाइतेमध्ये केहीलाई घोडामा बोकेर अस्पताल पुऱ्याएँ।'

पहलगाम श्रीनगरबाट करिब ९० किलोमिटर टाढा पर्छ, जुन पर्यटकमाझ लोकप्रिय गन्तव्यस्थल हो। प्रहरी स्रोतका अनुसार अहिलेसम्म २६ जनाको मृत्यु पुष्टि भइसकेको छ, तर यो संख्या अझै बढ्न सक्ने बताइएको छ।

आक्रमणस्थल पैदल वा घोडामा मात्र पुग्न सकिने भएकाले आक्रमणपछि घाइतेको उद्धारका लागि सैन्य हेलिकोप्टर परिचालन गरिएको थियो। भारतका केन्द्रीय मन्त्री अमित साह आक्रमणलगत्तै जम्मु-कस्मिरको राजधानी श्रीनगर पुगेका छन्। त्यहाँ साहले सबै एजेन्सीहरू सम्मिलित सुरक्षा समीक्षा बैठक बसाए। साहले घटनास्थलको अवस्थाबारे साउदी अरबको भ्रमणमा रहेका प्रधानमन्त्री मोदीलाई जानकारी गराए। प्रधानमन्त्री मोदीले नै साहलाई आक्रमणस्थल पठाएको भारतीय मिडियाले बताएका छन्।

आक्रमणको जिम्मा लस्कर-ए-तोएबाले लिएको छ। तर, कस्मिर क्षेत्रमा सन् १९८९ देखि भारतबाट अलग हुने वा पाकिस्तानसँग मिल्न पाउनुपर्ने माग राखेर सशस्त्र विद्रोह चलाइरहेका संगठनमध्ये एक हो यो समूह। जम्मु-कस्मिरका

» पृष्ठ २ मा क्रमशः

■ कक्षा १२ का साढे पाँच लाख विद्यार्थीमाथि राज्यको खेलबाड

बिहान परीक्षा गर्ने निर्णय, बेलुका फिर्ता

निजामती कर्मचारी खटाएर परीक्षा गर्ने कदम सफल नहुने भएपछि प्रधानमन्त्री ओलीले परीक्षा बोर्डका अध्यक्षलाई बालुवाटार बोलाएर २१ वैशाखदेखि गर्न निर्देशन दिए, तर नयाँ मिति तोक्नुअघि पनि भएन शिक्षकसँग सल्लाह

■ शिक्षकविना यसकारण सम्भव छैन परीक्षा

- शिक्षकको उपस्थितिविना परीक्षा सञ्चालन गर्दा प्रश्नपत्र नै बाहिरिने सम्भावना हुन्छ, किनकि बोर्डले सम्बन्धित विद्यालयको इमेलमा प्रश्नपत्र पठाउँछ। परीक्षाको दिन बिहान वा अघिल्लो साँझ मात्रै इमेल पठाउँछ। विद्यालयको इमेलमा बाहिरी कर्मचारीको पहुँच हुँदैन।
- देशभर १५ सय ९१ परीक्षा केन्द्र छन्। राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७६ अनुसार केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको प्रधानाध्यापक रहने व्यवस्था छ। शिक्षकविना परीक्षा गरिए कानुनी प्रश्न उठ्छ।
- आफूहरूको सहभागिताविना परीक्षा भए उत्तरपुस्तिका नजाँच्ने शिक्षकहरूको चेतावनी छ। यो अवस्थामा परिस्थिति थप जटिल बन्छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

शिक्षकहरूलाई नै 'बाइपास' गरी निजामती कर्मचारी खटाएर कक्षा १२ को परीक्षा गरिछाड्ने 'दम्भी' निर्णय गरेको सरकार १२ घण्टा पनि नबित्दै पछि हटेको छ। प्रधानमन्त्री केपी ओलीको निर्देशन बोकेर मंगलबार बिहान राष्ट्रिय परीक्षा बोर्डको बैठकमा पुगेका शिक्षासचिव डा. दीपक काफ्लेको दबाबमा बोर्डले शिक्षकको सट्टा निजामती कर्मचारी खटाएर भए पनि पूर्वनिर्धारित तालिका ११

» पृष्ठ २ मा क्रमशः



■ निजामती कर्मचारी खटाएर परीक्षा गर्ने प्रयास किन भयो असफल ?

प्रधानमन्त्री केपी ओली निजामती कर्मचारी खटाएर कक्षा १२ को परीक्षा गरी शिक्षकहरूलाई 'देखाइदिने' योजनामा थिए। तर, परीक्षा बोर्डबाट निर्णय भएको केही घण्टामै उक्त योजनाको चौतर्फी आलोचना भयो। शिक्षकको जिम्मेवारीमा निजामतीलाई खटाएर राष्ट्रसेवक कर्मचारी नै भिडाउन खोजेको भन्दै कर्मचारी ट्रेड युनियनहरूले आपत्ति जनाउन थाले। प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था समितिको बैठकमा कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियनका वरिष्ठ उपाध्यक्ष उत्तमकुमार कटुवालले परीक्षामा निजामती कर्मचारी परिचालन गर्ने निर्णयप्रति असहमति रहेको बताए। 'शिक्षक सडकमा भएका वेला निजामती कर्मचारीबाट परीक्षा सञ्चालन गर्ने कुरा मान्य हुँदैन,' उनले भनेका थिए, 'राज्यले यसरी सोच्नु ठिक होइन।' माओवादीनिकट नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन र एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनले पनि शिक्षकलाई 'बाइपास' गरेर कर्मचारीबाट परीक्षा गराउनु गलत हुने सन्देश दिएका थिए। पार नलाग्ने देखेपछि अपराह्नसम्म कर्मचारीबाट परीक्षा गराउने कुनै प्रक्रिया नै सुरु भएको थिएन। सामान्य प्रशासन मन्त्रालय वा सिडिओ कसैलाई पनि परीक्षा गराउने सम्बन्धमा कतैबाट निर्देशन गएको थिएन। बरु, सडकबाटै शिक्षकहरूले चेतावनी दिएका थिए, 'हाम्रो उपस्थितिविना भएको परीक्षाको उत्तरपुस्तिका नै जाँच गर्दैनौं।' यसले सरकारमाथि ठुलो दबाब पऱ्यो। बलजफ्ती परीक्षा गरे पनि त्यसको वैधानिकतामै प्रश्न उठ्न सक्ने जोखिम देखेपछि सरकार पछि हट्न बाध्य भयो।

■ परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा भन्छन्- **अवस्था अप्ठ्यारो देखिएपछि परीक्षा सार्नुपऱ्यो**



अब कक्षा १२ को परीक्षा २१ वैशाखदेखि सञ्चालन हुन्छ। बोर्डको यो निर्णय सबै विद्यार्थीलाई जानकारी गराइन्छ। प्रधानमन्त्रीकै निर्देशनमा परीक्षा सारिएको हो। अवस्था अप्ठ्यारो देखिएपछि परीक्षा सार्नुपऱ्यो। अब बुधबार परीक्षा तालिका सार्वजनिक गरिन्छ।

■ शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी भन्छन्- **शिक्षकविना परीक्षा हुँदैन भनेर पहिल्यै भनेका हौं**



परीक्षा बोर्डले बेकारमा ढिपी गरेर विद्यार्थीलाई अत्यायो, हामीले त हुँदैन नै भनेका हौं, कम्तीमा वेलैमा बोर्डले निर्णय लिनुपर्थ्यो। मसँग बिहानसम्म पनि निजामती कर्मचारी प्रयोग गरेर चलाउने भनेर बोर्डका अध्यक्षले भन्नुभएको थियो। तर, मैले हामीविना परीक्षा चल्न सक्दैन, ऐनलाई आकार नदिई फर्किंदैनौं भन्दा उहाँले पत्याउनुभएन।



■ शिक्षाविद् विद्यानाथ कोइरालाले सुझाए **शिक्षकका आन्दोलन रोक्न सकिने उपाय**

- ऐन, नियमावली र कार्यविधिमा शिक्षकका माग यसरी समेट्छौं भनेर सहमति गर्ने।
- प्रधानमन्त्री, सभामुख, विपक्षी दलका शीर्ष नेतालगायत बसेर शिक्षकलाई डेडलाइन तोक्ने र मनाउने।
- ऐनसँग सम्बन्धित नभएका माग पूरा गर्न अर्थ मन्त्रालय वा अन्य निकायसँग सहजीकरण गर्ने।

■ देशभर गर्मी बढ्यो पश्चिम तराईमा ४० डिग्री नाघ्यो





पश्चिम तराईमा तापक्रम अझ बढ्न सक्छ

- **रोजन लामिछाने**, मौसमविद्

बिहार र पश्चिम बंगालमा रहेको मौसमी गतिविधिले पूर्वी नेपालमा तापक्रम धेरै बढ्न सकेको छैन। त्यहाँ बादल लाग्ने र पानी पर्ने भइरहेको छ। आगामी तीन दिन पनि यही गतिविधि रहने भएकाले तापक्रम खासै बढ्दैन। तर, पश्चिम नेपाल खासगरी लुम्बिनी र सुदूरपश्चिम सुक्खा छ, त्यही भएर तापक्रम बढेको हो। यी क्षेत्रमा यही अवस्थामा सुक्खा रहिरह्यो र वर्षा गराउने प्रणाली सक्रिय भएन भने तातो हावा पनि चल्न सक्छ। मधेशको पश्चिमी क्षेत्र, बागमती र गण्डकीमा पनि तापक्रम ३५ डिग्री सेल्सियसभन्दा माथि नै छ।

उपत्यकामा पनि बढ्यो तापक्रम

नयाँ पत्रिका

वर्षाका गतिविधि रोकिएसँगै देशभर गर्मी बढेको छ। पश्चिम तराईका जिल्लामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस नाघेको छ।

मंगलबार अधिकतम तापक्रम सबैभन्दा धेरै भैरहवामा ४१.३ र न्यूनतम तापक्रम २४.४ डिग्री सेल्सियस पुगेको छ। सोमबार भैरहवाको अधिकतम तापक्रम ३८.९ र न्यूनतम २५.२ डिग्री सेल्सियस थियो।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेका अनुसार सुदूरपश्चिम र लुम्बिनीका तराई क्षेत्रमा सुक्खाका कारण तापक्रम उकालो लागेको हो।

» पृष्ठ २ मा क्रमशः

■ गभर्नर नियुक्तिमा सरकार नैतिक र कानुनी कठघरामा

गभर्नर सिफारिस समितिको बैठकै नबसेपछि सदस्य भट्टराईले दिए राजीनामा

■ आफ्नो थप बेइज्जती गराइरहनु उचित नलागेर राजीनामा दिएँ

गठन भएको महिना दिनसम्म एकपटक पनि बैठक बस्न नसक्ने समितिको औचित्य के छ ? मैले नछोड्नुपर्ने कारण देखिनँ। आफ्नो थप बेइज्जत गराइरहनु उचित लागेन। त्यसैले, आज (मंगलबार)कै मितिदेखि लागू हुने गरी राजीनामा बुझाएँ। उहाँहरूले (राजनीतिक दलहरू) गभर्नर सिफारिस गर्ने भए हाम्रो काम पनि छैन। यस्तो औचित्यहीन समितिमा बस्नुपर्ने कुनै कारण छैन।



● विजयनाथ भट्टराई

विज्ञहरूले नै माथिको निर्णय कुर्नुपर्ने विषय विडम्बनापूर्ण

● **चिरञ्जीवी नेपाल**, पूर्वगभर्नर



देश सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा परेको छ। यस्तो वेलामा पनि राजनीतिक दलहरूले गैरजिम्मेवारपन देखाएका छन्। विजयनाथ भट्टराईजस्ता विज्ञलाई यस्तो विषय सह्य नहुनु स्वाभाविक हो। विज्ञहरूलाई सदस्य राखेर सिफारिस समिति बनाइसक्दा पनि माथिबाट के निर्णय हुन्छ भनेर कुर्नुपर्ने अवस्था आउनु विडम्बनापूर्ण छ। योग्य व्यक्तिलाई नै नियुक्ति दिनुपर्नेमा राजनीतिक दलहरूले गिजोलेर राख्नु अनौठो छ।

अदालतसम्मै विवाद

पवन तिमिल्सिना/नयाँ पत्रिका

राष्ट्र बैंकको गभर्नर नियुक्तिमा सरकार राजनीतिक, नैतिक र कानुनी कठघरामा तानिएको छ। नियुक्तिमा बिचौलिया हाबी भएको राजनीतिक आरोपबिच सिफारिस समिति सदस्य तथा पूर्वगभर्नर विजयनाथ भट्टराईको राजीनामाले सरकारको नियतमाथि थप प्रश्न उठाएको छ।

अर्कोतर्फ सर्वोच्चमा दायर गभर्नर नियुक्तिसम्बन्धी रिटको पेसी चौथोपटक 'हेर्न नभ्याइने'मा परेको छ। यसले गभर्नर नियुक्ति जटिलतासँगै विलम्ब पनि हुँदै गएको छ।

बढ्दो राजनीतिक हस्तक्षेपप्रति असन्तुष्टि जनाउँदै र सरकारको नियतमाथि प्रश्न उठाउँदै सिफारिस समिति सदस्य तथा पूर्वगभर्नर भट्टराईले राजीनामा दिएका छन्। खुला प्रतिस्पर्धाबाट योग्य उम्मेदवार चयन गर्नुको सट्टा कांग्रेसको कोटाबाट गभर्नर नियुक्त गर्ने राजनीतिक सहमतिका समाचार प्रकाशमा आएपछि भट्टराईले मंगलबार सिफारिस समिति संयोजक अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई राजीनामा-पत्र बुझाएका हुन्।

गभर्नर नियुक्तिका लागि मन्त्रिपरिषद्ले ११ चैतमा अर्थमन्त्री पौडेलको संयोजकत्वमा पूर्वगभर्नर भट्टराई र राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा.विश्वनाथ

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मोचमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एकैरात तीन नाबालक सन्तानको मृत्यु, आमा र नवजात भेन्टिलेटरमा

लहानमा **मणिलाल विश्वकर्मा**

धनुषाको सहिदनगर- ५ वासुदेवपट्टीमा एक हृदयविदारक घटना घटेको छ। एक आमाले आफ्ना तीन सन्तानलाई विष खुवाएर आफूले पनि आत्महत्याको प्रयास गरेकी छिन्। आमा र शल्यक्रियाबाट निकालिएका नवजात शिशु जीवन-मृत्युसँग भेन्टिलेटरमा संघर्ष गरिरहेका छन्।

प्रारम्भिक अनुसन्धानअनुसार ३० वर्षीया गर्भवती पविता साहले सोमबार साँझ ६ वर्षीय छोरा आदित्य, चार वर्षीया छोरी आकृति र दुई वर्षीया छोरी आरुषीलाई विष खुवाएकी थिइन्। विष सेवनबाट तीनै नाबालक सन्तानको ज्यान गएको छ।

आफूले पनि विष सेवन गरेकी पविता गम्भीर अवस्थामा छिन्। पवितासँगै शल्यक्रिया गरेर निकालिएका नवजात शिशुको जनकपुरस्थित रामजानकी अस्पतालमा भेन्टिलेटरमा उपचार भइरहेको छ। घटनाको विस्तृत अनुसन्धान जारी छ।

जनकपुरस्थित प्रादेशिक अस्पताल लगिएका पविताका ६ वर्षीय छोरा आदित्य, चार वर्षीया छोरी आकृति र दुई वर्षीया छोरी आरुषीको सोमबार राति नै मृत्यु भएको इलाका प्रहरी कार्यालय यदुकुहाका प्रमुख प्रहरी निरीक्षक ओमप्रकाश यादवले बताए। 'आमाले छोराछोरीलाई विष सेवन गराई आत्महत्या गर्ने उद्देश्यले आफूले पनि विष सेवन गरेको आशंका छ,' उनले भने, 'घटनास्थलबाट गहुँमा छर्किने विषादीको बट्टासमेत बरामद गरिएको छ। तर, नाम यकिन भएको छैन। कोठामा बान्तासमेत गरेको भेटिएकाले विष सेवन गरेको हुन सक्ने देखिन्छ।'



जनकपुरस्थित रामजानकी अस्पतालको भेन्टिलेटरमा उपचाररत पविता साह र नवजात शिशु।

प्रादेशिक अस्पतालका निर्देशक डा. जामुनप्रसाद सिंहका अनुसार आमा र छोराछोरीलाई सोमबार राति करिब साढे ८ बजेतिर अस्पताल पुऱ्याइएको थियो। तर, एक बच्चाको अस्पताल पुऱ्याउनुअघि नै मृत्यु भइसकेको थियो भने दुई बच्चाको सवा ९ बजेतिर मृत्यु भएको हो। 'पौने घण्टासम्म सिपिआर दिइएको थियो, तर बचाउन सकिएन,' उनले भने।

विष सेवन गरेकी पविताको गर्भमा रहेको नौ महिनाको शिशु शल्यक्रिया गरेर झिकिएको छ। 'अन्तिम महिनाकी गर्भवती, त्यसमा पनि विष सेवन गरेकाले अवस्था अत्यन्त जटिल थियो। शल्यक्रिया गरी शिशु सकुशल निकालिएको छ,' सिंहले भने, 'तर, आमा र नवजात शिशुको अवस्था गम्भीर छ। प्रादेशिक अस्पतालमा भेन्टिलेटर खाली नभएकाले रामजानकी अस्पतालमा रेफर गरी उपचार भइरहेको छ।'

महोत्तरीको पथलैया माइती रहेकी पविताको करिब १२ वर्षअघि सुशील साहसँग मागीविवाह भएको थियो। खेतीपाती, धानको खरिदबिक्री, ट्र्याक्टर रहेका साह परिवारका कान्छा छोरा सुशीलले दाजु सुनीललाई खेतीपाती र व्यवसायमा सघाउँदै आएका थिए।

विवाहपछि पहिलो सन्तान छोरा तथा दोस्रो र तेस्रो छोरी रहेका उनले चौथो सन्तान गर्भमा बसेपछि जाँच गराउँदा शिशु उल्टो रहेको थाहा पाएपछि केही मानसिक तनावमा रहेको छिमेकी बताउँछन्। चिकित्सकले वैशाखमै प्रसूति हुने किटान गरिदिएकाले उनले अन्तिमपटक ठुलो अस्पताल पुगेर चेकजाँच गर्न भनिरहेको, तर परिवारले गहुँ भित्र्याएर जाने बताइरहेका वेला अकस्मात् घटना भएको छिमेकीले सुनाए। 'उल्टो शिशु रहेकाले तनावमा थिइन्, वेलैमा जाँचका लागि नलगेको भन्दै तीन छोराछोरीलाई विष सेवन गराएर आफूले पनि विष खाएको आशंका गरिएको छ,' ती छिमेकीले बताए।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक सञ्जीव यादवले शव पोस्टमार्टमपछि मंगलबार परिवारलाई बुझाइसकिएको बताए। तर, घटनाको अनुसन्धान भइरहेको उनले बताए।

बेरुजु फर्स्योटमा तीन वर्षदेखिको गतिरोध अन्त्य

महालेखाको सम्परीक्षण प्रक्रियामा लेखा समिति प्रवेश गर्न खोजेपछि पेचिलो बनेको थियो बेरुजु फर्स्योट

सुवास भट्ट/नयाँ पत्रिका

सम्परीक्षणमा करिब तीन वर्षदेखिको गतिरोध हटेको छ। नियमित सम्परीक्षणको प्रक्रियामा समेतमा संसद्को सार्वजनिक लेखा समिति प्रवेश गर्न खोजेपछि संघीय सरकारतर्फको बेरुजु फर्स्योटको प्रक्रिया पेचिलो बनेको थियो। सम्परीक्षण सम्बन्धमा सहजीकरणका लागि सरकारले गत माघमा अध्यादेशमार्फत ऐनको व्यवस्था संशोधन गरेको थियो। संसद्बाट अध्यादेश प्रतिस्थापन विधेयक पारित भएपछि सम्परीक्षणको प्रक्रियालाई महालेखा परीक्षक कार्यालयले अघि बढाएको हो।

महालेखा परीक्षक कार्यालयका प्रवक्ता श्रीकुमार राईले सम्परीक्षणको प्रक्रिया सुरु भएको बताए। सार्वजनिक लेखा समितिले १७ असार ०७९ मा संघका विभिन्न निकाय तथा मन्त्रालयसहित महालेखा परीक्षक कार्यालयलाई पत्राचार गरेर सम्परीक्षण नगर्न निर्देशन दिएको थियो। समितिबाट निर्णय नै नगरी तत्कालीन सभापति र सचिवले पत्र पठाएका थिए। समितिमा छलफल भएर गरेको निर्णयबमोजिम बाहेक सम्परीक्षण नगर्न निर्देशन दिइएको थियो। महालेखाले आफैँ गर्न नपाउने र समितिले पनि छलफल गरेर नटुंग्याउने अवस्थाले संघको बेरुजु फर्स्योटको काम अवरुद्धझैँ बन्न पुगेको थियो। आवश्यक कागजात तथा प्रमाण भएका बेरुजु पनि फर्स्योट हुन सकेनन्।


समिति र महालेखाको अधिकार क्षेत्र विवादका बिच फर्स्योट नै नहुने अवस्थाले संघीय बेरुजुको आकार पनि बढ्न पुगेको छ। बेरुजुको ठुलो हिस्सा सम्परीक्षणबाटै फर्स्योट हुने गरेको छ। सम्परीक्षण रोकिँदा बेरुजुको आकार बढ्नुका अतिरिक्त बेरुजु फर्स्योट हुँदा राज्यकोषमा प्राप्त हुने रकम पनि आउन सकेका थिएन। सामान्य बेरुजु कायम भएका मानिस पनि झमेला र अनावश्यक पीडामा परेका थिए।

'सम्परीक्षणको गतिरोध अब अन्त्य भएको छ,' महालेखाका प्रवक्ता राईले नयाँ पत्रिकासँग भने, 'सम्परीक्षणको प्रक्रिया महालेखाले अघि बढाएको छ।' सम्परीक्षणको अवरोध हटाउन सरकारले गत माघमै अध्यादेशमार्फत व्यवस्था गरेको थियो। यसका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ जारी गरिएको थियो। लगत्तै सरकारले हिउँदे अधिवेशनमा १८ माघमा संसद्को दुवै सभामा पेस गरेको थियो। संसद् अधिवेशन सुरु भएको ६० दिनभित्र सदनबाट अध्यादेश प्रतिस्थापन विधेयक पारित गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ। यही व्यवस्थाबमोजिम अधिवेशन सकिने अन्तिम दिन गत १८ चैतमा संसद्ले अध्यादेश पारित गरेको थियो। अध्यादेश प्रमाणित भएर राजपत्रमा प्रकाशित भएलगत्तै सम्परीक्षणको प्रक्रिया महालेखाले अघि बढाएको हो।

संसद्बाट अध्यादेश प्रतिस्थापन विधेयक पारित भएपछि महालेखा परीक्षक कार्यालयले अघि बढायो सम्परीक्षणको प्रक्रिया



महालेखा परीक्षक कार्यालयका प्रवक्ता श्रीकुमार राई भन्छन्–



०७९ देखि संघीय सरकारतर्फको बेरुजु सम्परीक्षण हुन सकेको थिएन। अब यो गतिरोध अन्त्य भएको छ। ऐनबमोजिम सम्परीक्षणको प्रक्रिया महालेखाले अघि बढाएको छ। निकाय र सम्बन्धित जिम्मेवार लेखाउत्तरदायी अधिकारीहरू गम्भीर हुनुभयो भने सम्परीक्षणबाट बेरुजु कम गर्न मद्दत पुग्छ। यसबाट बेरुजुको आकार घटाउन सहयोग मिल्छ।

सिद्धान्ततः सम्परीक्षणलाई लेखा परीक्षणकै अंग मानिन्छ। सम्परीक्षणविना लेखा परीक्षणको चक्र नै पूरा नहुने महालेखासम्बद्ध अधिकारीहरू बताउँछन्। यसलाई फलोअप अडिटका रूपमा पनि लिइन्छ। जुन फलोअप नगरिँदासम्म लेखापरीक्षण पूर्ण हुँदैन। लेखापरीक्षण ऐनमा पुनः जाँचको व्यवस्था छ। सम्परीक्षणलाई स्पष्ट पार्ने गरी ऐनमा व्यवस्था गरिएपछि महालेखालाई काम अघि बढाउन बाटो खुलेको हो। यसले ऐनको साबिकको व्यवस्थामा संशोधन गरेको छ। ऐनको साबिक दफा ४० मा बेरुजु फर्स्योट तथा फरफारकको शीर्षकलाई बेरुजु फर्स्योट, सम्परीक्षण तथा फरफारक शब्द राखेर सम्परीक्षणलाई महालेखाको क्षेत्राधिकारभित्र स्पष्ट गरिएको छ। उपदफा १ मा साबिकमा रहेको 'लेखापरीक्षण प्रतिवेदनमा औँल्याएको बेरुजु असुल गरी फर्स्योट तथा नियमित गर्ने उत्तरदायित्व लेखाउत्तरदायी अधिकृतको हुनेछ' भन्ने व्यवस्थाको सट्टा लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजु वा वार्षिक प्रतिवेदनउपर सार्वजनिक लेखा समितिमा छलफल हुने बेरुजु असुल, नियमित वा प्रमाण पेस गरी फर्स्योट तथा फरफारक गर्ने दायित्व सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था राखिएको छ।

दफाको उपदफा ४ पछि नयाँ व्यवस्था थप गरिएको छ। त्यसमा वार्षिक प्रतिवेदनमा समावेश भएका बेरुजुमध्ये असुल गर्नुपर्ने भनी औँल्याइएको बेरुजु रकम असुल भई प्रमाण पेस भएको, आवश्यक कागज प्रमाण पेस गर्नुपर्नेमा पेस भई आएको वा पेस्की रकम फर्स्योट भई प्रमाण पेस हुन आएको वा लेखाउत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु रकम सम्परीक्षणका लागि अधिकारप्राप्त अधिकारीबाट फर्स्योट भई आएमा महालेखा परीक्षक कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्ने व्यवस्था गरिएको छ। यसरी लगत कट्टा भएको जानकारी सात दिनभित्र सार्वजनिक लेखा समिति र सम्बन्धित लेखाउत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था पनि थप गरिएको छ।

संशोधित ऐनले सम्परीक्षणलाई स्पष्ट परिभाषित गरेर सहजीकरणसमेत गरिदिएको महालेखाका प्रवक्ता राईले बताए। 'निकाय र सम्बन्धित जिम्मेवार लेखाउत्तरदायी अधिकारीहरू गम्भीर हुनुभयो भने सम्परीक्षणबाट बेरुजु कम गर्न मद्दत पुग्छ,' उनले भने, 'यसबाट बेरुजुको आकार घटाउन पनि सहयोग मिल्छ।' ऐनबमोजिम निर्देशिकाका प्रक्रियालाई आवश्यकताअनुसार मिलाएर महालेखाले सम्परीक्षणको कार्य अघि बढाएको छ।

महालेखा परीक्षकको पछिल्लो ६१औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७९/८० सम्ममा कारबाही गरी टुंगो लगाउनुपर्ने कुल बेरुजु ११ खर्ब ८३ अर्ब २६ करोड ८३ लाख रुपैयाँ छ। अहिले महालेखा ६२औँ वार्षिक प्रतिवेदन जारी गर्ने अन्तिम तयारीमा छ।

बेरुजु सम्परीक्षणको गतिरोध हटेपछि अब निकायहरूले सम्परीक्षणका लागि कागजात पेस गर्न सक्ने अवस्था बनेको छ। तर, सम्परीक्षणका लागि निकायहरूले पेस गर्न थालिनसकेको महालेखाले जनाएको छ। हालको बेरुजु आर्थिक वर्ष ०६०/६१ यताको भएकाले त्यसैअनुसार महालेखाले सम्परीक्षण गर्छ।

महालेखाको आव ०७७/७८ यताका बेरुजु विवरण अनलाइन प्रणालीमा छ। नेपाल अडिट म्यानेजमेन्ट सिस्टममा आवश्यक प्रमाण स्क्यान गरेर राख्ने सुविधा छ। त्यस प्रणालीमा लेखाउत्तरदायी अधिकृतले प्रक्रियाबमोजिम सम्परीक्षणका लागि आवश्यक कागजात र प्रमाण प्रविष्ट गर्न सक्छन्। यसरी कानुन र प्रक्रियाबमोजिम पेस हुन आएको कागजात हेरेर महालेखाले सम्परीक्षणसम्बन्धी आवश्यक निर्णय गर्न सक्ने व्यवस्था छ। आव ०७७/७८ भन्दा अगाडिका बेरुजु भने भौतिक कागजमै रहेकाले म्यानुअल विधिबाटै सम्परीक्षण हुन्छ।

शिक्षकका मागमा सरकार असंवेदनशील : विपक्षी दलका नेताहरू

काठमाडौं/ विपक्षी दलका शीर्ष नेताले शिक्षकको मागमा सरकार गम्भीर र संवेदनशील नदेखिएको आरोप लगाएका छन्। नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवसको अवसरमा मंगलबार राजधानीमा आयोजित छुट्टाछुट्टै कार्यक्रममा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले सरकारको कार्यशैली र माग सम्बोधनमा प्रधानमन्त्री केपी ओलीको निष्क्रियताको विरोध गरे। 'लाखौँ शिक्षकहरू आन्दोलनमा छन्। तर, सरकार गैरजिम्मेवार बनेको छ। म प्रधानमन्त्री हुँदा गरिएको सहमतिअनुसार विधेयक संसद्मा दर्ता भइसकेको छ, त्यसलाई अविलम्ब अघि बढाउन र शिक्षकका माग पूरा गर्न सरकार गम्भीर बनोस्। सरकारले जनभावनासँग खेलबाड नगरोस्,' पार्टी कार्यालय पेरिसडाँडामा मंगलबार आयोजित कार्यक्रममा प्रचण्डले भने, 'शिक्षकको माग सम्बोधन गर्नुभन्दा प्रधानमन्त्री उनीहरूलाई अपमानित गर्न लागिरहेका छन्। प्रधानमन्त्रीले पदमा बस्ने हैसियत गुमाइसके।'

शिक्षकका साथै लघुवित्तपीडित, सहकारीपीडित तथा चिकित्सकहरू पनि आन्दोलनमा रहेको र उनीहरूका जायज माग छिटो सम्बोधन हुनुपर्ने प्रचण्डको भनाइ थियो।

एकीकृत समाजवादीका सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री खनालले शिक्षकहरूको मागलाई सरकारले कुल्चिएर हिँडेको आरोप लगाए। शिक्षकका जायज माग तत्काल पूरा गर्न उनले माग गरे। प्रधानमन्त्री ओलीकै कारण शिक्षामन्त्रीले राजीनामा दिनुपरेको उनले बताए। 'कम्युनिस्ट पार्टीका एउटा नेता देशको प्रधानमन्त्री छन्। झन्डै अढाई लाख शिक्षकहरू अहिले सडक आन्दोलनमा छन्। तर, प्रधानमन्त्री ती शिक्षकहरूका माग कुल्चिएर हिँडेका छन्,' खनालले भने, 'शिक्षामन्त्री शिक्षकहरूको माग अलिकति सम्बोधन गरौँ भन्ने र प्रधानमन्त्रीले नटेर्ने अवस्था रह्यो। यही बाध्यतामा शिक्षामन्त्रीले राजीनामा दिनुपर्‍यो।'

FAMILY DIVISION DIVORCE COMPLAINT
FD-24-008317
PADAM DANGAL, Plaintiff Vs.
PARZU BASTOLA, Defendant
NOTICE TO DEFEND AND CLAIM RIGHTS
TO : PARZU BASTOLA, DEFENDANT:

You have been sued in court. If you wish to defend against the claims set forth in the following pages, you must take prompt action. You are warned that if you fail to do so, the case may proceed without you and a decree of divorce or annulment may be entered against you by the court. A judgment may also be entered against you for any other claim or relief requested in these papers by the plaintiff. You may lose money or property or other rights important to you, including custody or visitation of your children.
When the ground for divorce is indignities or irretrievable breakdown of the marriage, you may request marriage counseling. A list of marriage counselors is available in the Office of the Department of Court Records, Civil Division at 1st Floor, City-County Building, 414 Grant Street, Pittsburgh, PA 15219.
IF YOU DO NOT FILE A CLAIM FOR ALIMONY, DIVISION OF PROPERTY, LAWYER'S FEES OR EXPENSES BEFORE A DIVORCE OR ANNULMENT IS GRANTED, YOU MAY LOSE THE RIGHT TO CLAIM ANY OF THEM.
YOU SHOULD TAKE THIS PAPER TO YOUR LAWYER AT ONCE. IF YOU DO NOT HAVE A LAWYER, GO TO OR TELEPHONE THE OFFICE SET FORTH BELOW. THIS OFFICE MAY BE ABLE TO PROVIDE YOU WITH INFORMATION ABOUT HIRING A LAWYER.
IF YOU CANNOT AFFORD TO HIRE A LAWYER, THIS OFFICE MAY BE ABLE TO PROVIDE YOU WITH INFORMATION ABOUT AGENCIES THAT MAY OFFER LEGAL SERVICES TO ELIGIBLE PERSONS AT A REDUCED FEE OR NO FEE.

Lawyer Referral Service
Allegheny County Bar Association
400 Koppers Building
436 Seventh Avenue Pittsburgh, PA 15219
Telephone: (412) 261-5555

Notice is hereby given that Padam Dangal will file a 3301(d) Affidavit of Irretrievable Breakdown of the Marriage with the Court. Choose one: a) I oppose or b) I do not oppose entry of divorce decree. Choose one: a) I do or b) I do not wish to make any economic claims or c) economic claims have been raised and are not resolved. If you wish to make economic claims, you must file and serve opposing party within 20 days of publication. This Notice is published pursuant to PA.R.C.P.
1930.4 (b)(1)(iii)(A(I).

पप्पु कन्स्ट्रक्सन प्रा.लि. को नाममा जारी भएको स्वच्छन्द/पप्पु/युनाईटेड बिल्डर्स संयुक्त उपक्रमको
बैठक सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१०

यस स्वच्छन्द/पप्पु/युनाईटेड बिल्डर्स संयुक्त उपक्रम (स्थायी लेखा नं. (६०७८५६३३४) ("जेभी") संलग्न रहेको ठेक्का नं. DUDBC/Parsa/Works/2074/075/NCB/08 "Construction/Upgrading of Various Roads and Drains of Birgunj Metropolitan City, Parsa (Package 1)" अन्तर्गतका निर्माण कार्यको सम्बन्धमा छलफल तथा निर्णय गर्न भनी मिति: २०८१/०३/०४, मिति: २०८१/०३/१४, मिति: २०८१/१०/२९ र मिति: २०८१/१२/१३ मा बस्ने भनी बोलाइएको जेभीका बैठकहरुको सूचना तहाँ पप्पु कन्स्ट्रक्सन प्रा.लि. लाई इमेल मार्फत प्रेषित गरिएकोमा ती सम्पूर्ण बैठकहरुमा त्यस कम्पनीको अनुपस्थिति रहदै आएको छ।

निम्न बुँदाहरुमा छलफल गरी निर्णय गर्नुपर्ने भएकोले जेभीको बैठक देहाय अनुसारको मिति, समय र स्थानमा बस्ने भएकोले उक्त बैठकमा सहभागी हुन त्यस पप्पु कन्स्ट्रक्सन प्रा.लि. लाई सूचित गरिन्छ।

मिति: २०८२/०१/१७
समय : दिनको ११:०० बजे।
स्थान : स्वच्छन्द निर्माण सेवा प्रा.लि. को केन्द्रीय कार्यालय नागार्जुन-०९, स्यूचाटार, काठमाडौं।

छलफलका विषयहरु:

१. शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहलको मिति: २०८१/१२/०१, पत्र संख्या: ०८१/८२, चलानी नं. ७७३ पत्र अनुसारको Revised Work Schedule Plan आयोजनामा पेश गर्ने सम्बन्धमा।
२. शहरी विकास तथा भवन निर्माण विभाग, सघन शहरी तथा भवन निर्माण आयोजना, वीरगञ्ज, पर्साको मिति: २०८१/१२/११ पत्र संख्या: ०८१/८२ च.नं.: ९५० र मिति २०८१/१२/१२ गतेको पत्र संख्या: ०८१/८२, च.नं. ९५६ पत्रको सम्बन्धमा।
३. संयुक्त उपक्रमको अख्तियारी परिवर्तनको निर्णयको कार्यान्वयन सम्बन्धमा।
४. संयुक्त उपक्रमको बैंक खाता संचालनको लागि हस्ताक्षरकर्ता परिवर्तनको निर्णय कार्यान्वयन सम्बन्धमा।
५. पप्पु कन्स्ट्रक्सन प्रा.लि.बाट सिर्जित विविध दायित्व र सोको फरफारक सम्बन्धमा।
६. विविध।

उल्लिखित बैठकको सूचना त्यस कम्पनीको इमेल ठेगाना pappuconstruction@gmail.com, planning.pappuconstruction@gmail.com मा पनि प्रेषित गरिएको छ। उक्त बैठकमा तहाँ कम्पनीको उपस्थिति नभएमा पनि सो बैठकले संयुक्त उपक्रमको बहुमत साझेदारहरुको निर्णयबाट आवश्यक निर्णय गर्ने र सो निर्णय कार्यान्वयन गर्न सक्ने व्यहोरा सूचित गरिन्छ।

जयराम लामिछाने
प्रबन्ध निर्देशक
स्वच्छन्द निर्माण सेवा प्रा.लि.
४०% जेभी लिड पार्टनर

सकुन्तलाल हिराचन
प्रबन्ध निर्देशक
युनाइटेड बिल्डर्स एण्ड इन्जिनियरिंग प्रा.लि.
३०% जेभी पार्टनर

गभर्नर सिफारिस...

पृष्ठ १ बाट क्रमशः

पौडेल सदस्य रहेको सिफारिस समिति गठन गरेको थियो। तर, समितिको २९ दिन बितिसक्दा पनि एकपटक पनि बैठक बस्न सकेको छैन। बरु, यसबिचमा देउवाले रोजेका व्यक्ति नै नियुक्त गर्न प्रधानमन्त्री केपी ओली सहमत भएको सत्तारूढ दलकै नेताहरूले सार्वजनिक प्रतिक्रिया दिएका छन्।

'गठनको महिना दिनसम्म एकपटक पनि बैठक बस्न नसक्ने समितिको औचित्य के छ ? मैले नछोड्नुपर्ने कारण देखिनँ,' भट्टराईले भने, 'मलाई आफ्नो थप बेइज्जत गराइरहनु उचित लागेन। त्यसैले, आज (मंगलबार) कै मितिदेखि लागू हुने गरी राजीनामा बुझाएँ। उहाँहरूले (राजनीतिक दलहरू) गभर्नर सिफारिस गर्ने भए हाम्रो काम पनि छैन। यस्तो औचित्यहीन समितिमा बस्नुपर्ने कुनै कारण छैन।'

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रधानमन्त्री ओली र सभापति देउवाबिच कसलाई गभर्नर नियुक्त गर्ने भन्ने विषयमा सहमति भइसकेको सार्वजनिक अभिव्यक्ति दिएका छन्। गत बुधबार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्ने क्रममा मन्त्री गुरुङले प्रधानमन्त्री ओली र देउवाबिच गभर्नर नियुक्तिका विषयमा सहमति भइसकेको उल्लेख गर्दै छिट्टै गभर्नर नियुक्ति गरिने बताएका थिए।

बहालवाला गभर्नर बिदाइ हुन एक महिनाअघि नै नयाँ गभर्नर नियुक्ति गर्नुपर्ने प्रावधानसमेत सरकारले बिर्सिसकेको छ। महाप्रसाद अधिकारीले २२ चैतमा गभर्नरबाट बिदाइ लिइसके पनि अहिलेसम्म नयाँ नियुक्ति हुन सकेको छैन। जटिल अवस्थामा रहेको अर्थतन्त्र सुधार गर्न राष्ट्र बैंक ऐन, ०५८ मा तोकिएको योग्यताअनुसार व्यक्ति छनोटभन्दा पनि ओली र देउवा दलमा आस्था राख्ने अनुकूल पात्रको खोजीमा रहेको आरोप छ।

राष्ट्र बैंकका पूर्वगभर्नर चिरञ्जीवी नेपालले विज्ञसम्मिलित सिफारिस समिति बनाइसकेपछि राजनीतिक दलहरूको निर्णय पर्खेर बस्नुपर्ने विषय विडम्बनापूर्ण रहेको बताए। 'देश सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा परेको छ। यस्तो वेलामा पनि राजनीतिक दलहरूले गैरजिम्मेवारपन देखाएका छन्,' उनले भने, 'विजयनाथ भट्टराईजस्ता विज्ञलाई यस्तो विषय सह्य नहुनु स्वाभाविक हो। विज्ञहरूलाई सदस्य राखेर सिफारिस समिति बनाइसक्दा पनि माथिबाट के निर्णय हुन्छ भनेर कुर्नुपर्ने अवस्था आउनु विडम्बनापूर्ण छ।'

अन्य देशमा त्यहाँका सरकारले उच्च प्राथमिकतामा गभर्नर नियुक्त गर्ने गरे पनि नेपालमा राजनीतिक दलहरूबाट गिजोलिनु अस्वाभाविक रहेको उनको भनाइ छ। 'विकसित देशहरूमा त संसद्मा अलग्गै समिति बनाएर नियुक्ति गर्ने प्रचलन छ। कतै राष्ट्रपतिबाट चयन हुने व्यवस्था छ,' उनले भने, 'केन्द्रीय बैंकको गभर्नर वित्तीय क्षेत्रलाई सुरक्षित अवतरण गराउने मुख्य पात्र हो। तर, यस्तो पदमा योग्य व्यक्तिलाई नै नियुक्ति दिनुपर्नेमा राजनीतिक दलहरूले गिजोलेर राख्नु अनौठो छ।'

अदालतसम्मै विवाद

गभर्नर नियुक्तिमा राजनीतिक लेनदेन र बिचौलियाको समेत चासो देखिएपछि विषय न्यायालयसम्म पुगेको छ। तर, ३१ चैतमा दर्ता रिट चारपटक पेसी चढे पनि हालसम्म सुनुवाइ हुन सकेको छैन। गभर्नर नियुक्तिलाई ध्यान दिएर सरकारले अर्थ मन्त्रालयसम्बद्ध निकायहरूको पदाधिकारी नियुक्तिसम्बन्धी मापदण्ड नै संशोधन गरेको थियो। ३० देखि ६५ वर्ष उमेर भएकालाई गभर्नर नियुक्त गर्न सकिने व्यवस्था हटाएपछि सर्वोच्च अदालतमा रिट परेको थियो। सर्वोच्चले संशोधित मापदण्ड लागू नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ। पूर्वमुख्यसचिव राजेन्द्रकिशोर क्षेत्रीलाई नियुक्ति दिन कांग्रेस सभापति शेरबहादुर देउवाको चासोमा मापदण्ड नै संशोधन गरिएको बताइएको थियो। पुरानै मापदण्डमा नियुक्ति गर्नुपर्ने भएपछि क्षेत्री स्वतः बाहिरिए। मौजुदा मापदण्डअनुसार गभर्नर नियुक्तिका लागि देउवाले राष्ट्र बैंकका कार्यकारी निर्देशक डा.गुणाकर भट्टलाई अघि सारेका छन्। गभर्नर नियुक्तिको चर्चासँगै भट्टले कार्यकारी निर्देशकबाट राजीनामा दिएका छन्। तर, भट्टलाई समेत नियुक्ति नगर्न माग राख्दै सर्वोच्चमा पूरक निवेदन परेको छ। अहिले क्षेत्रीको रिटमा भट्टसँग सम्बन्धित निवेदनलाई पनि सँगै राखेर हेर्ने गरी सर्वोच्चले पेसी तोक्दै आएको छ। २ वैशाखमा चढेको पहिलो पेसीमा अदालतले संशोधित व्यवस्था यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश दिएको थियो। ७, ८ र ९ वैशाखमा निरन्तर पेसी चढे पनि 'हेर्न नभ्याइने'मा पर्दै आइरहेको छ।

पश्चिम तराईमा...

पृष्ठ १ बाट क्रमशः

'त्यहाँका धेरै ठाउँमा ४० डिग्रीभन्दा माथि तापक्रम छ, गण्डकी, बागमती र मधेशका पश्चिमी क्षेत्रमा पनि तापक्रम बढिरहेको छ,' मौसमविद् लामिछानेले भने, 'तर, पूर्वी तराईमा भने वेलावेला वर्षा भइरहेकाले तुलनात्मक रूपमा तापक्रम बढ्न सकेको छैन।'

मंगलबार पश्चिम तराईका धनगढीमा ४०.८ र नेपालगन्जमा ४० डिग्री सेल्सियस तापक्रम मापन भएको छ। सोमबार धनगढी ३९ र नेपालगन्जमा ३८ डिग्री सेल्सियस तापक्रम थियो। त्यस्तै, मध्य तराईको सिमरामा सोमबार ३६.६ डिग्री सेल्सियस तापक्रम रहेकामा मंगलबार ३८.५ पुगेको छ। पूर्वी तराईमा भने तुलनात्मक रूपमा तापक्रम बढेको छैन। मंगलबार चन्द्रगढीमा ३१.६, जनकपुरमा ३७.४, धरानमा ३४.६, विराटनगरमा ३१.८ र धनकुटामा २९.३ डिग्री सेल्सियस मापन भएको छ।

उपत्यकामा पनि बढ्यो तापक्रम

उपत्यका र पहाडी जिल्लामा पनि तापक्रम बढेको छ। मंगलबार काठमाडौंमा अधिकतम तापक्रम ३१.६ र न्यूनतम १७.८ डिग्री सेल्सियस मापन भएको छ। काठमाडौंमा सोमबार अधिकतम तापक्रम ३१.४ थियो। मंगलबार दिपायलमा ३८.२, वीरेन्द्रनगरमा ३६.९, घोराहीमा ३६.२ र पोखरामा ३३.४ डिग्री सेल्सियस मापन भएको छ। त्यस्तै, पहाडी क्षेत्रमा ताप्लेजुङमा २६.७, लुम्लेमा २६.५, जिरीमा २६.६, जोमसोममा २३, ओखलढुंगामा २९.१, जुम्लामा २६.२ र डडेल्धुरामा २९.४ डिग्री सेल्सयस मापन भएको छ।

तातो हावाको असर

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असरहरू जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, बान्ता आदि हुन सक्ने देखिएकाले सोबाट बच्ने उपाय अपनाउन हुन अनुरोध छ।

जम्मु–कस्मिरमा...

पृष्ठ १ बाट क्रमशः

मुख्यमन्त्री उमर अब्दुल्लाहले आक्रमण विगतको भन्दा निकै ठुलो भएको बताए। विपक्षी नेता राहुल गान्धीले आक्रमणलाई 'हृदयविदारक' भन्दै संघीय सरकारले उत्तरदायित्व लिनुपर्ने माग गरेका छन्। भारत सरकारले पछिल्ला केही वर्षदेखि कस्मिरलाई पर्यटन केन्द्रका रूपमा प्रवर्द्धन गर्दै आएको छ। सन् २०२४ मा झन्डै ३५ लाख पर्यटकले कस्मिर भ्रमण गरेको सरकारी तथ्यांकले देखाउँछ।

भारतले पाकिस्तानमाथि यस्ता आक्रमणमा सहयोग पुर्‍याएको आरोप लगाउने गरेको छ भने पाकिस्तानले कस्मिरको आत्मनिर्णयको अधिकारको समर्थन मात्र गर्ने बताउँदै आएको छ। योभन्दा पहिले सन् २०१९ मा पुलवामामा भएको आक्रमणमा ४० सुरक्षाकर्मीको मृत्यु भएको थियो।

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना
प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१०

यस **जलेवा आदर्श सा.व.उ.स., कमलामाई न.पा. १, सिन्धुली**बाट आ.व. २०७८/०७९ मा उत्पादन भई **पुरानो समिति भवन चौर, कमलामाई न.पा. १, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **साल** जातको गोलिया थान **३३** को **३६१.५५** क्यू.फि. गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी बन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री जलेवा आदर्श सा.व.उ.स., कमलामाई न.पा.- १, सिन्धुली

बिहान परीक्षा...

पृष्ठ १ बाट क्रमशः

वैशाखदेखि नै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो। तर, निजामती कर्मचारी ट्रेड युनियनहरूले राष्ट्रसेवकबिच फाटो ल्याउन खोजेको भन्दै इन्कार गरेपछि प्रधानमन्त्री ओलीले बेलुका बोर्ड अध्यक्ष महाश्रम शर्मालाई बालुवाटार बोलाएर परीक्षा स्थगित गर्न निर्देशन दिएका हुन्।

समयमै परीक्षा दिन पाउने विद्यार्थीको अधिकार हनन हुन नदिन शिक्षकहरूलाई नै जिम्मेवार बनाउनुपर्ने अभिभावकीय भूमिकामा रहेका प्रधानमन्त्री ओलीले उनीहरूका मागमा बेवास्ता मात्रै होइन, घोचपेचसमेत गरेपछि माहोल थप बिग्रँदै गएको छ। यो अवस्थामा शिक्षकलाई नै पन्छाएर निजामती कर्मचारीमार्फत परीक्षा गराउन खोज्ने बलजफ्तीले सरकार-शिक्षक दूरी झन् बढेको छ। विद्यालय शिक्षा ऐन मागेर २१ दिनदेखि काठमाडौंको सडकमा आन्दोलनरत देशभरका सामुदायिक विद्यालयका शिक्षकका मागप्रति प्रधानमन्त्री नै अनुदार भएपछि शिक्षामन्त्री विद्या भट्टराईले सोमबारै राजीनामा दिइसकेकी छिन्। यो अवस्थामा परीक्षाको तयारी गरेर बसेका पाँच लाख ५० हजार चार सय परीक्षार्थीको भविष्यमाथि राज्यको खेलबाड चलिरहेको छ।

तर, फेरि पनि शिक्षकका प्रतिनिधिसँग कुनै समन्वय नै नगरी प्रधानमन्त्रीको निर्देशनका आधारमा २१ वैशाखदेखि परीक्षा गर्ने निर्णय परीक्षा बोर्डले लिएको छ। बालुवाटारमा प्रधानमन्त्रीसँग छलफलपछि बोर्ड बैठक राखेका अध्यक्ष महाश्रम शर्माले पूर्वनिर्धारित परीक्षा स्थगित गरी २१ वैशाखदेखि गर्न प्रधानमन्त्रीबाटै निर्देशन भएअनुसार निर्णय गरिएको र अब बुधबार परीक्षाको नयाँ तालिका सार्वजनिक गर्ने बताए। 'अब कक्षा १२ को परीक्षा २१ वैशाखदेखि सञ्चालन हुन्छ। बोर्डको यो निर्णय सबै विद्यार्थीलाई जानकारी गराइन्छ। प्रधानमन्त्रीकै निर्देशनमा परीक्षा सारिएको हो,' उनले भने, 'अवस्था अप्ठ्यारो देखिएपछि परीक्षा सार्नुपर्‍यो। अब बुधबार परीक्षा तालिका सार्वजनिक गरिन्छ।'

बोर्डका सदस्यसचिव जंगबहादुर अर्यालले सबैतिरबाट आवाज उठेपछि प्रधानमन्त्रीको निर्देशनमा परीक्षा सारिए पनि नयाँ मितिमा परीक्षा गर्ने सम्बन्धमा बोर्डका तर्फबाट आन्दोलनरत शिक्षकसँग कुनै छलफल नभएको बताए। 'शिक्षकहरूसँग कुनै छलफल भएर परीक्षाको मिति सारिएको होइन। हाम्रो अध्यक्ष (शर्मा)ले प्रधानमन्त्रीसँग छलफल गरेपछि बैठक बसेर नयाँ मिति तोकिएको हो,' उनले भने, 'शिक्षकहरूविना परीक्षा गर्न सम्भव छैन।'

परीक्षा बोर्डले नयाँ मिति तोके पनि विद्यालय शिक्षा ऐनलाई आकार नदिई शिक्षकहरू विद्यालय नफर्किने शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए। आफूहरूले शिक्षकविना परीक्षा हुन सक्दैन भन्दाभन्दै पनि बोर्डले ढिपी गरेर विद्यार्थीलाई अत्याएको बताए। 'परीक्षा बोर्डले बेकारमा ढिपी गरेर विद्यार्थीलाई अत्यायो, हामीले त हुँदैन नै भनेका हौँ, कम्तीमा वेलैमा बोर्डले निर्णय लिनुपर्थ्यो,' उनले भने, 'मसँग बिहानसम्म पनि निजामती कर्मचारी प्रयोग गरेर चलाउने भनेर बोर्डका अध्यक्षले भन्नुभएको थियो। तर, मैले हामीविना परीक्षा चल्न सक्दैन, ऐनलाई आकार नदिई फर्किँदैनौँ भन्दा उहाँले पत्याउनुभएन।' राजनीतिक दलहरूलाई पनि आफूहरूको आन्दोलन जनआन्दोलनजस्तै हुन्छ भनेर सुरुमै भनेको उनले बताए।

■ शिक्षामन्त्री भट्टराईको राजीनामाबारे प्रधानमन्त्रीको प्रतिक्रिया– स्वास्थ्य ठिक नभएर राजीनामा दिनुभएको हो

प्रधानमन्त्री केपी ओलीले शिक्षामन्त्री विद्या भट्टराईलाई राजीनामा दिन आफूले बाध्य नपारेको बताएका छन्। भट्टराईले स्वास्थ्यका कारण राजीनामा दिएको ओलीको दाबी छ। नेपाल कम्युनिस्ट पार्टीको ७६औँ स्थापना दिवसका अवसरमा काठमाडौंमा मंगलबार आयोजित कार्यक्रममा उनले भने, 'उहाँ मैले बनाएको मन्त्री हो, मैले काम लगाइरहेको छु, सहयोग गरिरहेको छु, सिकाइराखेको छु। ठुलो मन्त्रालय छ, अहिले स्वास्थ्य ठिक भएन भनेर राजीनामा दिनुभएको हो।'

■ प्रधानमन्त्रीमाथि माओवादी अध्यक्ष प्रचण्डको आक्षेप– शिक्षकलाई अपमानित र गालीबाहेक केही गर्नुभएको छैन

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्रीबाट शिक्षकलाई अपमानित गर्ने, गाली गर्ने र हप्काउनेबाहेक समस्या समाधानमा कुनै पहल नभएको आरोप लगाएका छन्। नेपाल कम्युनिस्ट पार्टीको ७६औँ स्थापना दिवसका अवसरमा काठमाडौंमा मंगलबार आयोजित कार्यक्रममा उनले भने, 'शिक्षकहरूले माग गरेको कुनै कुरा होइन, हिजो सरकारले गरेको सहमति कार्यान्वयन गर भन्नेबाहेक केही पनि छैन। जे सम्झौता भएको थियो त्यो सम्झौताअनुसारको ऐन बनाइदेऊ भन्नेबाहेक नयाँ कुरा भनेका होइनन्, तपाईंहरूले पटक-पटक आन्दोलन गर्नुभएको छ, सरकारले पटक-पटक सम्झौता गरेको छ, पटक-पटक धोका भएको छ, यसपटक त्यो स्थिति नहुने जिम्मेवारी हामी सबैको छ। शिक्षकका मागप्रति गम्भीर हुनुको सट्टा सरकार र त्यसको नेतृत्व गर्ने प्रधानमन्त्रीले शिक्षकलाई अपमानित गर्ने, गाली गर्ने, तिनलाई हप्काउनेबाहेक केही पनि गर्नुभएको छैन, योभन्दा लाजमर्दो के हुन्छ ?

■ रास्वपा सांसद सोविता गौतम भन्छिन्– शिक्षक आन्दोलन दबाएर परीक्षा सार्नु प्रधानमन्त्रीको अक्षमता

रास्वपा सांसद सोविता गौतमले विद्यार्थीको भविष्य दाउमा राखेर कक्षा १२ को परीक्षा सार्नु सरकारको अक्षमता भएको टिप्पणी गरेकी छिन्। गौतमले आन्दोलनरत शिक्षकसँग वार्ता गरेर निर्धारित परीक्षा सञ्चालन गराउनुको साटो प्रधानमन्त्रीले शिक्षकहरूको आवाज नसुन्ने, विभागीय मन्त्रीलाई काम गर्न नदिएर राजीनामा गर्न लगाउने र सरकार जिम्मेवारीबाट पन्छिएर प्रधानमन्त्रीको ठाडो निर्देशनमा परीक्षा सार्नु गलत भएको टिप्पणी गरेकी हुन्।

परीक्षा सारिएपछि सांसद गौतमले फेसबुकमा लेखेकी छिन्, 'अन्ततः प्रधानमन्त्रीको ठाडो आदेशमा कक्षा १२ को परीक्षा सारिएको छ। शिक्षक आन्दोलन चुलिएको छ, मन्त्रीले राजीनामा दिनुपर्‍यो अनि प्रधानमन्त्रीचाहिँ बालुवाटारबाट ठाडो आदेश बर्साइरहनुभएको छ। विद्यार्थीको भविष्य बलिको बोका, शिक्षकको आवाज मुट्ठीमा, अनि दुई ठूला दलको 'कुशलता' हेरेर जनताले ताली पिट्नुपर्ने होला, हैन ? देशभरि आन्दोलन छ, मन्त्रालय खाली छ र तपाईं एक्लै सो चलाउँदै हुनुहुन्छ ! नेतृत्व हैन यो, असक्षमता हो।'

प्रसाईंविरुद्ध बैंकिङ कसुर र सम्पत्ति शुद्धीकरणमा पनि अनुसन्धान

ऋण दुरुपयोग भएको राष्ट्र बैंकको दाबी, कसुर प्रमाणित भए पाँच करोड बिगोसहित १० वर्षसम्म कैद



● एसपी सुधीरराज शाही
प्रवक्ता, सिआइबी

प्रसाईंले जुन प्रयोजनमा ऋण लिएका थिए, त्यसअनुसार प्रयोग गरेको देखिएन । यो बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा दफा ८ विपरीत छ । त्यसो हुँदा उनीविरुद्ध सिआइबीले अनुसन्धान थालेको छ ।

टेकराज थामी/नयाँ पत्रिका

तीनकुने घटनाका मुख्य योजनाकार दुर्गा प्रसाईंले बैंकबाट प्रवाह भएको ऋण प्रयोजनविपरीत प्रयोग गरेको खुलेको छ । घटनामा संलग्न रहेको देखिएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले प्रसाईंविरुद्ध अनुसन्धान सुरु गरेको हो ।

प्रसाईं अहिले जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा छन् । परिसरले उनीविरुद्ध आपराधिक उपद्रव तथा संगठित अपराध कसुरमा अनुसन्धान गरिरहेको छ । यसबाहेक बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ अनुसार पनि उनीविरुद्ध अनुसन्धान हुने भएको छ । जसको अनुसन्धान भने सिआइबीले गर्दै छ । सिआइबीका प्रवक्ता एसपी सुधीरराज शाहीले प्रसाईंविरुद्ध बैंकिङ कसुर ऐनअन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढेको बताए । उनले भने, 'प्रसाईंले विभिन्न बैंकबाट ऋण लिएको देखिन्छ । उनले जुन प्रयोजनमा ऋण लिएका थिए, त्यसअनुसार प्रयोग गरेको देखिएन । यो बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा दफा ८ विपरीत छ । त्यसो हुँदा उनीविरुद्ध सिआइबीले अनुसन्धान थालेको छ ।



घटनाको अनुसन्धान गर्न राष्ट्र बैंकले सिआइबीलाई सिफारिस गरेका सिआइबी प्रवक्ता एसपी शाहीले बताए ।

उनले भने, 'प्रसाईंले विभिन्न बैंकबाट ऋण लिएका रहेछन् । ती ऋण सही प्रयोजनमा प्रयोग भए-नभएको हेर्न राष्ट्र बैंकले अन्तरिक रूपमा छानबिन गरेको रहेछ । जुन प्रयोजनमा ऋण लिइएको छ, त्यसबाहेकका प्रयोजनमा प्रयोग भएको छानबिनका क्रममा देखिएको छ । त्यसो हुँदा घटनाको अनुसन्धान गर्न राष्ट्र बैंकले हामीकहाँ सिफारिस गऱ्यो । सोहीअनुसार घटनाको अनुसन्धान गरिरहेका छौं ।'

सिआइबीका अनुसार प्रसाईंले सबै ऋण व्यवसाय गर्ने प्रयोजनमा लिएका थिए । तर, उक्त रकम पेस्कीका रूपमा प्रवाह भएको सिआइबीको अनुसन्धानबाट देखिएको छ । पेस्कीका रूपमा प्रवाह भएका अधिकांश रकम उनी र उनीसम्बद्ध कम्पनीमा गएको सिआइबीको भनाइ छ । प्रसाईं र उनका परिवार तथा उनीसम्बद्ध फर्म र कम्पनीका बैंक खातामा 'राउन्ड ट्रिपिङ', 'रिलेटेड पार्टी ट्रान्ज्याक्स'लगायत शंकास्पद कारोबार देखिएको सिआइबी प्रवक्ता शाहीले बताए । उनले भने, 'प्रसाईं, निजका परिवार र सम्बद्ध फर्म र कम्पनीका विभिन्न बैंक तथा वित्तीय संस्थामा रहेको खाताहरूमा 'राउन्ड ट्रिपिङ, रिलेटेड पार्टी ट्रान्ज्याक्स'लगायत शंकास्पद कारोबार भएको देखियो । ऋणी फर्म/कम्पनीका अन्तिम हिताधिकारी प्रसाईं रहेको देखियो ।'

सिआइबीका अनुसार प्रसाईंविरुद्ध सम्पत्ति शुद्धीकरण कसुरमा पनि अनुसन्धान प्रक्रिया अघि बढेको छ । सम्पत्तिको स्रोत लुकाउन विभिन्न तहका जटिल कारोबारमार्फत 'राउन्ड ट्रिपिङ, रिलेटेड पार्टी ट्रान्ज्याक्स' भएको सिआइबीको भनाइ छ । घटना सम्बन्धमा अनुसन्धान गर्न सिआइबीले उच्च अदालत पाटन ललितपुरबाट पक्राउ आदेशसमेत लिइसकेको छ । उनीविरुद्ध अनुसन्धान गर्न राष्ट्र बैंकले गत २३ माघमा नै सिआइबीलाई पत्राचार गरेको थियो ।

कुन बैंकबाट कति ऋण ?

प्रसाईंले तत्कालीन एनआइसी (हाल कुमारी) बैंकबाट पूर्वाञ्चल क्यान्सर अस्पतालका नाममा १२ करोड ५० लाख रुपैयाँ कर्जा लिएका थिए । यस्तै, नेपाल इन्भेस्टमेन्ट मेघा बैंकबाट अटिरमका नाममा पाँच करोड रुपैयाँ र गुडविल फाइनान्स लिमिटेडबाट मेडिको सप्लायर्स एन्ड इक्विपमेन्टका नाममा १० करोड रुपैयाँ कर्जा लिएका थिए ।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि कर्जा दुरुपयोग गर्न नहुने व्यवस्था छ । उक्त दफामा भनिएको छ, 'कसैले पनि बैंक वा वित्तीय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो, सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउनुहुँदैन ।'

कसैले ऐन उल्लंघन गरे कसुरदारलाई कसुरको मात्रा हेरी न्यूनतम १० लाख रुपैयाँदेखि एक वर्ष कैद सजाय र अधिकतम एक अर्ब रुपैयाँ बिगो र १० देखि १२ वर्षसम्म कैद सजाय हुन सक्छ । प्रसाईंको हकमा भने उक्त ऐनको दफा १५ को उपदफा २ (च) अनुसार सजाय हुने सम्भावना छ । उक्त उपदफामा भनिएको छ, 'पाँच करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्मको बिगो भए आठ वर्षदेखि दश वर्षसम्म कैद सजाय हुनेछ ।'

सिआइबीका अनुसार प्रसाईंले तत्कालीन एनआइसी (हाल कुमारी) बैंकबाट पूर्वाञ्चल क्यान्सर अस्पतालका नाममा १२ करोड ५० लाख रुपैयाँ कर्जा लिएका थिए । यस्तै, नेपाल इन्भेस्टमेन्ट मेघा बैंकबाट होटेल अटिरमका नाममा पाँच करोड रुपैयाँ र गुडविल फाइनान्स लिमिटेडबाट मेडिको सप्लायर्स एन्ड इक्विपमेन्टका नाममा १० करोड रुपैयाँ कर्जा लिएका थिए । तर, उक्त रकम प्रयोजनभन्दा बाहिर दुरुपयोग भएको नेपाल राष्ट्र बैंकको अनुसन्धानले देखाएको छ । त्यसो हुँदा

निःशुल्क तालिम भन्दै खाताबाट लाखौं चोरी

काठमाडौं/ बिजनेस टेक नेपाल नामको फेसबुक पेजमा लेखिएको छ, 'आफ्नो ल्यापटप/कम्प्युटरबाट सेयर मार्केटमा अनुभवी ट्रेडर्सबाट निःशुल्क ट्रेडिङ सिक्नुहोस् ।' यही विज्ञापन हेरेपछि एक सेयर कारोबारी आकर्षित भए । तालिमका लागि पेजमा म्यासेज पठाए । पेजले भनेअनुसार नेपाएक्सपर्ट डट एक्सवाइजेटमा गए । त्यहाँबाट सफ्टवेयर डाउनलोड गर्न भनियो । सफ्टवेयर ल्यापटपमा डाउनलोड गरेको भोलिपल्ट उनको खाताबाट १० लाख गायब भयो । अर्को दिन सोही ल्यापटपमा कनेक्ट आइपिएस चलाउँदा सोही कम्पनीका अर्का व्यक्तिको खाताबाट २० लाख चोरी भयो ।

अनलाइन सेयर कारोबार तालिमका नाममा यसरी धेरै सेयर कारोबारीको खाताबाट पैसा चोरी हुन थालेको छ । यी घटनाको प्रहरीले अनुसन्धान गरिरहेको छ । 'निःशुल्क सेयर कारोबार गर्ने भनेर नयाँ शैलीमा ठगी भएका उजुरी आइरहेका छन्,' काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी रमेश बस्नेतले भने, 'यसमा हामीले अनुसन्धान गरिरहेका छौं ।' सेयर तालिमका लागि भनेर डाउनलोड गर्न लगाएको सफ्टवेयरमार्फत उनीहरूले कम्प्युटर तथा ल्यापटपमा पहुँच पुऱ्याएर खाताबाट पैसा चोरी गरेका हुन् । अपराध अनुसन्धान कार्यालयका डिएसपी दीपक खड्काका अनुसार उनीहरूले तालिमका लागि भनेर क्लिक गर्न लगाइएको लिंकमार्फत 'स्क्रिनकनेक्ट' गराएर पैसा अन्य खातामा सारेका हुन् । 'कतिपयमा भिपिएनको प्रयोग गरिएको छ,' उनी भन्छन्, 'कतिपयमा पीडितकै डिभाइसमार्फत समेत पैसा ट्रान्सफर गरेको देखिन्छ ।' फेसबुकमा धेरैवटा सेयर तालिमसम्बन्धी पेज सञ्चालन गरी ठगी भइरहेको उनी बताउँछन् ।

■ इन्टरपोल र फेसबुकको सहयोग माग्ने प्रहरीको तयारी

उनीहरूले यसरी चोरी गरेको रकम विभिन्न व्यक्तिको बैंक खातामा लगिएको छ । ती व्यक्तिहरूले विदेशमा रहेका आफन्तले हुन्डीमार्फत उक्त रकम पठाएको बताएका छन् । जसअनुसार यसरी ठगी गर्ने गिरोहको सम्पर्क अन्तर्राष्ट्रिय गिरोहसम्म देखिएको प्रहरी अधिकारी बताउँछन् । यसरी हुन्डीको नाममा अवैध कारोबारमा सघाउने खाताधनीलाई पनि प्रहरीले अनुसन्धानको दायरामा ल्याएको छ । तर, ठगी गर्ने मुख्य नाइकेसम्म प्रहरी पुग्न सकेको छैन । उनीहरूले भिपिएन प्रयोग गरेकाले पनि अनुसन्धानमा समस्या भएको प्रहरीको भनाइ छ । अनुसन्धानका लागि प्रहरीले इन्टरपोल र फेसबुकको पनि सहयोग माग्ने तयारी गरेको छ । कतिपय पीडितले साइबर ब्युरोमा समेत उजुरी दिएका छन् । नयाँ खालको ठगी भएपछि सर्वसाधारणलाई सचेत हुन आग्रह गरिएको ब्युरोका प्रवक्ता एसपी दीपकराज अवस्थी बताउँछन् ।

केपी ओलीविनाको एमाले खोज्नेको मनसाय ठिक छैन : प्रधानमन्त्री



नयाँ पत्रिका

प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले आफूविनाको एमाले खोज्नेहरूको मनसाय ठीक नभएकाले तत्काल नेतृत्व हस्तान्तरणको सम्भावना नभएको सन्देश दिएका छन् । पार्टी र नेतृत्वविरुद्ध चौतर्फी घेराबन्दी र हमला भइरहेकै बेला गलत मनसाय भएकाले ओलीविनाको एमाले भए ठिक जसरी प्रचार गरिहेको भन्दै नेपाल कम्युनिस्ट पार्टी स्थापनाको ७६औं वर्षगाँठका अवसरमा मंगलबार उनले त्यस्तो सन्देश दिएका हुन् ।

'कतिपयलाई मेरो उमेरको अनि कतिपयलाई स्वास्थ्यको चिन्ता छ । पोहोरपरार बिरामी थिएँ, अहिले त बिरामीसिरामी पनि छैन । मलाई बुढो देख्न मन छ भने २०-२५ वर्ष पर्खिनुस् न बाबा । बुढो नभई त मान्छे रहनै सक्दैन,' ओलीले भने, 'किन हतार ? हतार गरेर हुँदैन । जबसम्म सक्छु, तबसम्म गर्छु । आश्चर्य लाग्छ, के कारणले हो त्यो दुस्मनी ?'

उनले आफू र एमालेविरुद्ध ठुलो हमला भइरहेको भन्दै सचेत बनेर प्रतिवाद गर्न नेता-कार्यकर्तालाई सुझाए । 'कुखुराको चल्लाहरूले सानो फट्यांग्रो पाउँदा एउटा चल्लाले ट्याप्प समातेर जब कुदछ खाना आँट्यो भनेर अरू सबै त्यसकै पछि कुदछन् । दुनियाँले यत्रो हमला गरेको छ, केपी ओलीविनाको एमाले खोजेको छ । किन खोजेको होला केपी ओलीविनाको एमाले ?' उनले भने, 'तिनको मनसाय राम्रो भएको भए त म सर्लक्क छोड्दिहाल्थें । केपी ओलीविनाको एमाले हेर्दैला । मिसन ०८४ मा हामी भन्न बलियो बनेर आउनेछौं ।' उनले राष्ट्रियता, राष्ट्रिय हित र जनजीविकाको सवालमा देश र जनताको हितलाई केन्द्रमा राखेर काम गरिरहेकै कारण चारैतिरबाट हमला भइरहेको आरोप पनि लगाए ।

कांग्रेस सभापति शेरबहादुर देउवा स्वास्थ्य परीक्षणका लागि बैंकक गएको सन्दर्भलाई पनि सरकार ढल्छ भन्ने खालका हल्लासँग जोड्न खोजिएको उनको भनाइ छ । उनले त्यस्तो हल्लाका पछि नकुदन नेता-कार्यकर्तालाई आग्रह गरे । जनचाहनाअनुसार अगाडि बढ्ने भन्दै उनले पूर्वराजा ज्ञानेन्द्र शाहले वक्तव्यबाजी गर्दै हिँडेकाप्रति व्यंग्यसमेत गरे ।

■ कम्युनिस्ट एकतामा जोड

माओवादी र एकीकृत समाजवादीका नेताहरूले कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्नु आजको आवश्यकता भएको बताएका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को स्थापना दिवसका अवसरमा मंगलबार आयोजित छुट्टाछुट्टै कार्यक्रममा माओवादी, एकीकृत समाजवादी र नेकपाका नेताहरूले एकतामा जोड दिएका हुन् ।

माओवादी पार्टी कार्यालयमा आयोजित कार्यक्रममा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले विचार, सिद्धान्तका आधारमा एकता चाहेको स्पष्ट पारे । कम्युनिस्ट पार्टीको संघर्षपूर्ण इतिहासको चर्चा गर्दै उनले कम्युनिस्ट आन्दोलनले विभाजन, घात-प्रतिघात र बलिदानबिच यात्रा तय गरेको स्मरण गरे । 'आजको आवश्यकता आन्दोलनलाई फेरि एकताबद्ध गर्नु हो । हामी विचार, सिद्धान्त र सच्चा कम्युनिस्टहरूका वैचारिक आधारमा एकता चाहन्छौं,' उनले भने, 'जनतामाझ पुगेर आफ्ना कमजोरी सच्याउने प्रक्रियामा छौं ।' लेनिनको जन्मजयन्तीकै दिन नेकपाको स्थापना हुनु ऐतिहासिक संयोग मात्र नभई प्रेरणाको विषयसमेत भएको उनले बताए । 'लेनिनबाट प्रेरणा लिएर स्थापना गरिएको नेपाल कम्युनिस्ट पार्टी आज ७७ वर्षको भएको छ, जुन सम्पूर्ण कम्युनिस्ट आन्दोलनका लागि गर्वको विषय हो,' उनले भने ।

एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले पनि कम्युनिस्ट एकतामा जोड दिएका छन् । एकीकृत समाजवादीले नेकपा स्थापना दिवसका अवसरमा नयाँ बानेश्वरमा मंगलबार आयोजना गरेको कार्यक्रममा खनालले भने, 'कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध नगरी हुँदैन । अहिले नै एकता सम्भव नभए पनि प्रयत्न गर्दै जानुपर्छ ।'

■ ६ कम्युनिस्ट योद्धालाई सम्मान

एमालेले पार्टी स्थापना दिवसमा कम्युनिस्ट आन्दोलनमा योगदान पुऱ्याएबापत सातजना नेतालाई सम्मान गरेको छ । कार्यक्रममा प्रधानमन्त्री ओलीले रत्नप्रसाद शर्मा न्यौपाने (मरणोपरान्त), लालबहादुर विश्वकर्मा (कञ्चनपुर), वाचस्पति देवकोटा (गोरखा), शान्ता मानवी (काठमाडौं), सत्यनारायण मण्डल (सप्तरी), शोभाराम बस्नेत (दाङ) र हरिचरण शिवाकोटी (झापा) लाई कम्युनिस्ट योद्धा सम्मान प्रदान गरेका हुन् ।

मधेश मिडिया काउन्सिलका अध्यक्षसहित तीनजनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/ मधेश प्रदेश मिडिया काउन्सिलको अध्यक्ष कमलकुमार उपाध्यायसहित तीनजनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको पचरौता नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादवसमेत तीनजनाविरुद्ध गैरकानुनी लाभ तथा हानि पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा मंगलबार मुद्दा दायर गरेको हो । आयोगले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत यादव, लेखापाल हासिम मियाँ अन्सारी र मधेश प्रदेश मिडिया काउन्सिलको अध्यक्षमा आइतबार मात्र नियुक्त भएका केएस मल्टिप्रपोजका अध्यक्ष कमलकुमारविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार उनीहरूविरुद्ध सार्वजनिक ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमितता गरेको उजुरी परेको थियो । सोही उजुरीका आधारमा अनुसन्धान हुँदा निमित्त प्रमुख प्रशासकीय अधिकृत यादव र लेखापाल मियाँले नगरपालिकाबाट आर्थिक वर्ष ०७७/७८ मा सञ्चालन भएका ठेक्काहरूको बोलपत्र आह्वान नगरी झुटा विवरणसहितका आधारमा तीन लाख ५२ हजार ५६० रुपैयाँ भुक्तानी दिएको खुल्न आएपछि निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवसहित तीनजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो ।

■ दानव नदीमा बेपत्ता दुई बालकको शव फेला

भैरहवा/ रुपन्देहीको दानव नदीमा पौडी खेल्ने क्रममा सोमबार बेपत्ता भएका दुई बालकको शव सशस्त्र प्रहरी बलको गोताखोरले निकालेको छ । लुम्बिनी सांस्कृतिक नगरपालिका- २ अर्दौलीस्थित दानव नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएकामध्ये दुई बालकको शव सशस्त्रको गोताखोरले निकालेको सशस्त्र प्रहरी २७ नम्बर गण रुपन्देहीका डिएसपी मोहन न्यौपानेले जानकारी दिए । गणका गणपति प्रहरी उपरीक्षक मेखराज जोशीको कमान्डमा खटिएको टोली र स्थानीयको संयुक्त पहलमा सोमबार साँझ १५ वर्षीय राजन यादवको शव फेला पारेको थियो । गोताखोर टोलीले मंगलबार बिहान ६ बजे उमेश यादव र ७ बजे मुन्नु हरिजनको शव फेला पारेको सशस्त्र प्रहरी रुपन्देहीले जनाएको छ ।

■ २० केजी गाँजासहित एकजना पक्राउ

धनकुटा/ प्रहरीले साँगुरीगढी गाउँपालिका- ७ लेउतीखोलाको पुलबाट २० केजी लागुऔषध गाँजा बरामद गरेको छ । धरानतर्फ जाँदै गरेको बा.७३प ३९१५ नम्बरको कालो रङको मोटरसाइकललाई साँगुरीगढी गाउँपालिका- ७ लेउतीखोलाको पुलमा मंगलबार दिउँसो चेकजाँच गर्ने क्रममा गाँजा फेला परेको प्रहरीले बताएको छ । मोटरसाइकलमा लोड गरी लैजाँदै गरेको अवस्थामा झोलाभित्र २० केजी गाँजा फेला पारिएको थियो । उक्त गाँजासहित सोही स्थान बस्ने मोटरसाइकलचालक २० वर्षीय मंगल तामाङलाई पनि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका डिएसपी ओमप्रकाश खनालले जानकारी दिए ।

■ भ्रष्टाचार निवारण ऐन सम्झाउँदै सरकारको पत्र

निर्णय नगरेकै कारण हानि पुग्न जाने अवस्था आउन नदिनू

नयाँ पत्रिका

भ्रष्टाचार निवारण ऐनको व्यवस्था सम्झाउँदै सरकारले निर्णय नगरेको कारणबाट हानि हुने अवस्था आउन नदिन निकायहरूलाई पत्राचार गरेको छ । गत ३ चैतमा राष्ट्रपति रामचन्द्र पौडेलले भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८१ जारी गरेका थिए । ऐनले निर्णय नगर्नेलाई पनि भ्रष्टाचारमा कारबाही गर्नेसम्बन्धी व्यवस्था गरेको छ ।

यही ५ वैशाखमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबै मन्त्रालय, आयोग र निकायका सचिव तथा सबै प्रदेशका प्रमुख सचिवलाई एकैसाथ पत्राचार गर्दै ऐनका व्यवस्था पालना गर्न भनेको छ । ऐनको दफा १७ (क) मा 'निर्णय नगरी हानि-नोक्सानी पुऱ्याउनेलाई सजाय'सम्बन्धी व्यवस्था थप गरिएको व्यहोरा पत्रमा उल्लेख छ ।

उक्त दफामा 'कुनै राष्ट्रसेवकले कानुनबमोजिम कुनै खास अवधिभित्र कुनै निर्णय गरिसक्नुपर्नेमा मनासिब कारण परेको अवस्थामा बाहेक जानी-जानी आफू वा अरू कसैलाई लाभ लिई, दिई वा दिलाई बदनियतपूर्वक त्यस्तो निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानि-नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो राष्ट्रसेवकलाई कसुरको मात्राअनुसार ६ महिनासम्म कैद वा हानि-नोक्सानीको बिगो खुलेकोमा बिगोबमोजिम र बिगो नखुलेकोमा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ' भन्ने व्यवस्था छ । यो व्यवस्था कार्यान्वयनका लागि प्रधानमन्त्री कार्यालयले सूचितसमेत गराएको छ ।

'तहाँ मन्त्रालय/आयोग र मातहत निकायका जिम्मेवार पदाधिकारी र कर्मचारीहरूबाट समयमै निर्णय र कार्य गर्ने, गराउने व्यवस्था मिलाई निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानि-नोक्सानी पुग्न जाने अवस्था आउन नदिन अनुरोध गर्दछु ।' पत्रबारे मुख्यसचिवलाई अवगत गराउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रधानमन्त्रीको निजी सचिवालय र राष्ट्रिय सतर्कता केन्द्रलाई पनि पत्रको बोधार्थ दिइएको छ । ऐनको व्यवस्था पालना भए/नभएकोबारे नियमित अनुगमन गरी प्रतिवेदन पेस गर्न सतर्कता केन्द्रलाई जिम्मेवारी तोकिएको छ ।

जलेको अवस्थामा शव फेला, हत्याको आशंका

कञ्चनपुर/ बेलडाँडी गाउँपालिका- ३ खैरीघाट कमरीका किसान हरिकिसन राना मृत अवस्थामा फेला परेका छन् । ५० वर्षीया राना बेलौरी नगरपालिका- १० शिवनगर मसानघाटनजिकै जलेको अवस्थामा फेला परेका हुन् । बेलडाँडी गाउँपालिका- ३ का वडाध्यक्ष दुर्गा चौधरीका अनुसार उनी चढेको मोटरसाइकल सडकछेउमा जलेर नष्ट भएको छ, शव पनि जलेको छ । नजिकै मोबाइल र पैसासमेत फेला परेको छ । उनले भने, 'मर्निङवाक गर्ने मानिसले मोटरसाइकल जलिरहेको देखेका रहेछन् । मानिस पनि जलेको पछि मात्रै थाहा भयो ।' घटना शंस्कापद रहेको वडाध्यक्ष चौधरीले बताए । मृतकको परिवारले हत्या भएकाले दाबी गर्दै दोषी पत्ता नलागुन्जेल शव नबुझ्ने चेतावनी दिएको छ । घटनाबारे अनुसन्धान गर्न तालिमप्राप्त कुकुरदेखि विज्ञ टिम घटनास्थलमा परिचालन गरिएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख एसपी चक्रराज जोशीले घटनास्थलको प्रारम्भिक अनुसन्धानका क्रममा रानाको मृत्यु शंस्कापद भएकाले बताए ।

देशैभरि राप्रपाको धर्ना र ज्ञापनपत्र

पूर्वपञ्च नेता सुवेदी नजरबन्दमुक्त, सामूहिक गिरफ्तारी कार्यक्रम स्थगित

नयाँ पत्रिका

राप्रपाले मंगलबार ७७ वटै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिँदै ज्ञापनपत्र बुझाएको छ । १५ चैतमा काठमाडौंको तीनकुने क्षेत्रमा भएको हिंसात्मक झडपको छानबिन हुनुपर्ने, पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलगायत पक्राउ परेका सबैलाई रिहा गर्नुपर्ने र देशमा सबै पक्षबिच नवीन समझदारीमा जानुपर्ने माग गर्दै राप्रपाले ज्ञापनपत्र बुझाएको छ ।

राप्रपा प्रवक्ता मोहन श्रेष्ठले यीबाहेक अन्य राजनीतिक, सामाजिक र जनजीविकाका विषयलाई लिएर सबै जिल्लामा ज्ञापनपत्र बुझाइएको बताए । उनले ज्ञापनपत्र दिनुअघि देशैभरि सडक प्रदर्शन भएको जानकारी दिए । सडक प्रदर्शन निरन्तर रहने उनको भनाइ छ ।

राप्रपाले ७ वैशाखदेखि उपत्यकाकेन्द्रित प्रदर्शन दिनहुँ गर्ने निर्णय गरे पनि अहिले त्यसलाई परिमार्जन गरेको छ । '७ वैशाखमा अध्यक्ष राजेन्द्र लिङ्देनसहितका नेताले गिरफ्तारी दिनुभयो । मंगलबार ज्ञापनपत्र बुझाइएको छ । आन्दोलनका कार्यक्रम परिमार्जन भएका छन्, तर सडकमा राप्रपा निरन्तर रहन्छ,' राप्रपाका एक पदाधिकारीले भने । राप्रपाले आफ्ना शान्तिपूर्ण राजनीतिक गतिविधिलाई सरकारका मन्त्रीहरूले



संविधानविरुद्धको गतिविधि भनेकोमा आपत्ति जनाएको छ । 'गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता अपरिवर्तनीय छन् भनेर नेपालको संविधानको कुन धारामा लेखिएको छ ? राजसंस्था, हिन्दुराष्ट्रको पुनर्स्थापना र संघीयताको खारेजीको पक्षमा गतिविधि गर्न पाइँदैन भन्ने संविधानमा कतै लेखिएको छ र ?' राप्रपा प्रवक्ता श्रेष्ठले भने, 'नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताबाहेक संविधानमा अपरिवर्तनीय केही छैन । हामी शान्तिपूर्ण बाटोबाट हाम्रा मान्यता स्थापित गर्न संघर्षरत छौं ।' उनले कसैलाई निषेध नगर्ने व्यवस्थाको पक्षमा सबै राजनीतिक दलहरूसँग 'नवीन समझदारी'को फराकिलो प्रस्ताव राप्रपाले गरेको पनि जिकिर गरे ।

राजसंस्था पुनर्स्थापनाका लागि जनआन्दोलन समितिका संयोजक नवराज सुवेदी नजरबन्दबाट मुक्त भएका छन् । उनी १५ चैत रातिदेखि प्रहरी निगरानीमा घरमै थिए । उनलाई प्रहरीले कुनै कागज नदिई घरमै नजरबन्दमा राखेको थियो । 'गत १५ चैतबाट चौबिसै घण्टा प्रहरीको निगरानीमा थिएँ । आजको दिनबाट निगरानी हटेको छ र म संयुक्त जनआन्दोलन समितिको नियमित काममा फर्केको छु,' सुवेदीले विज्ञप्तिमा भनेका छन् ।

राजावादीहरूले २२ वैशाखदेखि गर्ने भनिएको सामूहिक गिरफ्तारी दिने कार्यक्रम स्थगित गरेका छन् । राजावादीहरूको समितिका प्रमुख सल्लाहकार डा. जगमान गुरुङले साधु, सन्त, महन्त र धार्मिक अभियन्ताको प्रतिबद्धता सभा आयोजना हुने जानकारी दिए । सुवेदी नजरबन्दमा हुँदा उनी समितिका कार्यवाहक संयोजक तोकिएका थिए । उनले १३ वैशाखमा महिला प्रतिबद्धता सभा आयोजना गाराउने र गोरखामा पूजापाठ गरेर फर्केपछि वैशाखभित्रै धार्मिक अभियन्ताहरूको प्रतिबद्धता सभा गर्ने पनि जानकारी दिए ।



असन्तुष्टिको जड नेतृत्वको कमजोरी

आन्दोलनको सफलतासँगै सत्तामा पुगेका कांग्रेस, एमाले तथा माओवादीले प्राप्त सत्तालाई जनताको होइन, आफ्नो वर्चस्व र स्वार्थपूर्तिको भच्याङ बनाए



● चन्द्रदेव जोशी

अग्रलेख

संघीय लोकतान्त्रिक गणतन्त्रका नौवर्षे प्राप्ति र गुमाइहरूको उत्तरदान ०८२ लाई सुम्पेर ०८१ साल बिदा भएको छ। राजनीतिक विश्लेषक, समालोचक, चिन्तकले आ-आफ्नै पाराले यस उत्तरदानको विश्लेषण गरेका छन् र भोलि पनि गर्ने नै छन्। तर, यस पंक्तिकारका लागि ०८२ ले पाएको यो उत्तरदान विगत दशकको मात्र नभई ६ दशकभन्दा बढीको संघर्षमय कार्यकालका प्राप्ति र गुमाइको इतिहास पनि हो।

निरंकुश राणातन्त्र अन्त्यपछि ००७ सालमा प्राप्त प्रजातन्त्रलाई महेन्द्रले ०१७ मा निमोठे। उनले निर्दलीय पञ्चायतका नाममा पुनः निरंकुश राजतन्त्र लादे। ०४६ को जनआन्दोलनबाट निरंकुश पञ्चायत व्यवस्था फालियो। तर, राजतन्त्र ढाल्न सकिएन। राजासँग सम्झौता गरी संवैधानिक राजतन्त्रमा चित्त बुझाउनुपऱ्यो। दशवर्षे माओवादी 'जनयुद्ध'बाट पनि सामन्ती राजतन्त्र फाल्न सकिएन। राजा वीरेन्द्रको वंशनाशपछि ज्ञानेन्द्रले पुनः एकतन्त्रीय हुकुमी साशन कायम गरे। अन्ततः ठुलो बलिदान र कठिन संघर्षपछि ०६२/६३ को जनक्रान्तिबाट निरंकुश सामन्ती राजतन्त्र अन्त गरी संघीय गणतान्त्रिक व्यवस्था स्थापना गरियो। र, नयाँ संविधानबाट समाजवादोन्मुख राज्यव्यवस्थाको अवधारणासहित संघीयता, समावेशी गणतन्त्र, धर्मनिरपेक्षता स्वीकार गरी जातीय, क्षेत्रीय, भाषिक तथा सांस्कृतिक विभेद अन्त्य तथा काम, माम, शिक्षा, स्वास्थ्य, आवासको सुनिश्चिततासहितको बहुलवादलाई मौलिक अधिकारका रूपमा स्वीकार गरियो।

समाजवादउन्मुख राज्यव्यवस्था निर्माण गर्न प्राप्त संवैधानिक आधारमा टेकेर देशका यावत् वर्ग, तप्का, जाति र लिंगबिच समानता, पारस्परिक सम्मान र राष्ट्रिय एकता विस्तार गर्दै आर्थिक-सामाजिक रुपान्तरणको दिशामा अगाडि बढ्नु आवश्यक थियो। तर, आन्दोलनको सफलतासँगै सत्तामा पुगेका कांग्रेस, एमाले तथा माओवादी नेतृत्वले प्राप्त सत्तालाई जनताको होइन, आफ्नो वर्चस्व र स्वार्थपूर्तिको भच्याङ बनाए। फलस्वरूप आज झन्डै एक दशपछि फर्केर हेर्दा संघीय समावेशी गणतन्त्रको संस्थागत विस्तार र विकासको साटो गलत पात्रहरूको अधिनायकत्वमा देशको राजनीति तथा आर्थिक-सामाजिक अवस्था झनै विच्छिन्न भएको छ। जनतन्त्रका लागि जीवन अर्पेका जनता अलपत्र छन्। सत्ता भ्रष्ट राजनेता, कमिसनखोर बिचोलिया, कालबाजारिया, दलाल पुँजीपति तथा माफियाको पकडमा छ। श्रमजीवी जनताको बिल्लिबाठ छ। राजनीतिक अराजकता तथा भ्रष्टाचार चरम छ। ठुलो बलिदानपछि प्राप्त उपलब्धि गुम्न सक्ने भय छ। राजनीतिक नेताप्रति जनताको विश्वास गुमेको छ।

यसको फाइदा उठाउँदै जनक्रान्तिबाट फालिएका ज्ञानेन्द्रलगायत सामन्ती राजतन्त्रवादीका अपशेष, हिन्दुत्व र राजतन्त्रका नाममा प्रतिक्रान्ति गर्ने प्रयासमा संघीयता, समावेशिता, गणतन्त्रजस्ता जनमुखी उपलब्धिप्रति विविध भ्रम फिँजाइ देशमा अराजकता पैदा गर्न उद्यत छन् र वर्तमान बेथितिको प्रमुख कारण संघीय लोकतान्त्रिक गणतन्त्र हो भनी सडकमा ओर्लिंदै छन्। दुर्भाग्यवश, निरंकुश राजतन्त्रसँगको पाँच दशक लामो बलिदानपूर्ण संघर्षको प्रत्यक्ष अनुभव नगरेका र वर्तमान राजनीतिक नेतृत्वका क्रियाकलापप्रति असन्तुष्ट केही युवा र राजतन्त्रवादीले प्रतिगमनकारी उच्छृङ्खलता बढाउँदै छन्। जसको परिणाम गत १५ चैतको हिंसात्मक घटना हो।

तर, सबैले स्पष्टतासाथ बुझ्नुपर्ने सत्य के हो भने- हाम्रोजस्तो बहुजातीय, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भएको देशमा, जहाँ युगौंदेखि सर्वसाधारण आर्थिक शोषण र क्षेत्रीय, जातीय, धार्मिक तथा रुढीगत विभेद तथा थिचोमिचोमा परेका छन्, तिनको मुक्ति र समान अधिकारका लागि संघीयता, समावेशिता, गणतान्त्रिक लोकतन्त्रबाहेक अर्को व्यावहारिक क्रान्तिकारी बाटो आजलाई छैन।

वर्तमान दुरवस्थाको मुख्य कारण न वर्तमान संविधान हो, न त राज्यप्रणाली नै। यसको कारण हो, जनताले विश्वास गरेर जसको हातमा सत्ता सुम्पिन पुगे, तिनै नेतृत्वले देश, जनता र क्रान्तिको लक्ष्यप्रति धोखाघडी गरे। आमनागरिकलाई यो बुझाउनु आवश्यक छ, अन्यथा सत्ताधारीप्रतिको वितृष्णा गणतन्त्र, समावेशिता र संघीयताविरुद्ध प्रतिक्रान्तिकारीका पक्षमा मोडिन सक्छ, जसका दुष्परिणाम भोलि हाम्रै सन्तानले भोग्नुपर्ने हुन्छ, जसलाई उल्ट्याउन सहज हुनेछैन।

निरंकुश राजतन्त्र समाप्त गरी गणतन्त्र घोषणा गर्दैमा वा संविधानमा 'समाजवादउन्मुख' लेख्दैमा नयाँ राज्यसत्ता स्वस्फूर्त रूपले आमश्रमजीवी तथा पददलित वर्गको पक्षमा जाने होइन। यसका लागि क्रान्तिका अग्रगामी शक्तिले आमश्रमजीवी जनताका विभिन्न तप्कालाई संगठित र प्रशिक्षित गर्दै समाजको आर्थिक आधार र राज्यसत्ताको संरचनामा आमूल परिवर्तनका लागि निरन्तर संघर्ष गर्नुपर्छ। यी वर्ग तथा तप्कालाई सत्ता सञ्चालन र नियमनको सीप सिकाउनु आवश्यक छ। विधायिकामा यी वर्ग र तप्काको बलियो पकडको खाँचो छ। शोषक वर्गले कहिले पनि शोषित वर्गको हातमा सत्ता जान दिँदैन। यो इतिहासले देखाएको सत्य हो।

हामीकहाँ गणतन्त्र प्राप्तिपछिको यस कालखण्डमा



पालैपालो राज्यसत्तामा हालीमुहाली गरेका, सिद्धान्त, आदर्श र नैतिकताबाट च्यूत एमालेलगायत कम्युनिस्ट तथा लोकतान्त्रिक समाजवादी लक्ष्यबाट च्यूत कांग्रेस र नौलो जनवादी माओवादीले यस दिशामा अगाडि बढ्नुको साटो आफ्नो र आफूले बोकेका लुटतन्त्रवादीको स्वार्थपूर्ति र सत्ताकेन्द्रमा पकड कायम गर्न पारस्परिक राजनीतिक भिडन्त र सौदाबाजी तथा मिलिजुली देशलाई लुट्ने बाटो सुनिश्चित गर्नीतर लागे। यस दौरान भएगरेका भ्रष्टाचारका यावत् काण्ड– यती, ओम्नी, गोकर्णेश्वर वन, आयल निगम जग्गा काण्ड, गिरिबन्धु टी स्टेट, ललिता निवास, बालमन्दिर, वाइड बडी, पोखरा विमानस्थल, माओवादी शिविर तथा नक्कली भुटानी शरणार्थी काण्ड, सुनकाण्ड आदि यावत् काण्ड यिनै पार्टीको संलग्नता तथा पृष्ठपोषणमा भएको छर्लंग छ। फलस्वरूप आज राजनीतिक नेतृत्व, कर्मचारीतन्त्रभित्रको भ्रष्टाचारी तप्का, देशी-विदेशी बिचौलिया दलाल, अन्तर्राष्ट्रिय माफिया सञ्जाल, भ्रष्ट ठेकेदार आदिको सशक्त सिन्डिकेट हाकाहाकी देशलाई लुटिरहेको छ। देशभक्त र इमानदार कर्मचारीमाथि खुलेआम प्रहार गरिँदै छ र त्यो जमात निरीह भई बाँच्न अभिशप्त छ। जनताको चरम निराशा विस्फोटको अवस्थामा छ।

> निरंकुश राजतन्त्रसँगको पाँच दशक लामो बलिदानपूर्ण संघर्षको प्रत्यक्ष अनुभव नगरेका र वर्तमान राजनीतिक नेतृत्वका क्रियाकलापप्रति असन्तुष्ट केही युवा र राजतन्त्रवादीले प्रतिगमनकारी उच्छृङ्खलता बढाउँदै छन्

उदेकलाग्दो त के छ भने संघीयता, गणतन्त्र, मानवाधिकार र जनसार्वभौमिकताका नाममा निरंकुश राजतन्त्रविरुद्ध लामो लडाइँ लडेका कम्युनिस्ट तथा लोकतान्त्रिक पार्टीका अगुवाहरू नै सत्तासीन भएपछि केही अपवादबाहेक तलदेखि माथिसम्म भ्रष्टाचारमा मुछिएका छन् र तिनकै संरक्षणमा भ्रष्टाचार मौलाइरहेको छ। यी सब काण्ड तथा घोटाला श्रमजीवी वर्गको मुक्तिदाता भनिने कम्युनिस्ट, कांग्रेसकै नेतृत्वमा भइरहेका छन्। यी नेता अहिले पनि जीवितै छन् र उपरि रूपमा हेर्दा कोही सत्तामा छन् त कोही प्रतिपक्षमा। तर, यथार्थमा बाँडीचुँडी सत्ताको तर मार्न एउटै मञ्चमा थिए र छन्। भ्रष्टाचारमा उदागिएपछि अहिले सुनपानी छर्केर पवित्र भएका छौं भन्दै जनताको घरदैलोमा पुग्ने नाटक गरिरहेका छन्। तर, यथार्थ के हो भने जनता र यिनीहरूबिच विश्वासको डोरी छिनेको छ, जसलाई जोड्न लर्तरो प्रयासले मात्र सम्भव छैन।

जनक्रान्तिमा संलग्न समूहका आ-आफ्नै स्वार्थ, राजनीतिक गन्तव्य तथा वैचारिक धार थिए। जसमध्ये माओवादीसहित सबै कम्युनिस्टको घोषित लक्ष्य समाजवाद नै थियो र कांग्रेसको लक्ष्य पनि व्यवहारमा नभए पनि घोषित रूपमा प्रजातान्त्रिक समाजवाद नै थियो। उसका लागि यो विजय अन्तिम मुकाम थियो। तर, कम्युनिस्टका लागि 'समाजवादउन्मुखता'को प्रावधानसहितको वर्तमान राज्यप्रणाली समाजवादमा संक्रमणका लागि आर्थिक, सामाजिक र राजनीतिक पूर्वाधार निर्माण गर्ने संक्रमणकालीन चरण थियो। तर, दुर्भाग्य, दोस्रो जनआन्दोलनपछिका यी १८ वर्षमध्ये कम्युनिस्टले श्रमजीवी वर्गका नाममा १३ वर्ष सत्ता र संसद्मा हालिमुहाली गरे। तर, सत्तामा श्रमजीवी वर्गको पहुँच र पकड बलियो पार्दै समाजवादमा संक्रमणको पूर्वाधार तयार गर्नुको साटो राज्यसत्ता भ्रष्ट राजनीतिक नेता, तिनका आसेपासे, कमिसनखोर कर्मचारी, दलाल पुँजीपति, बिचौलिया, तस्कर र माफिया गिरोहको सिन्डिकेटको हातमा सुम्पिन पुगे। यिनको यो चरित्र चिन्तन र कार्य नै आजका दुर्दशाको कारण बन्यो। अहिले पनि अवस्था यथावत् छ।

जीवनले के देखाएको छ भने कुनै पनि संगठनले आफ्ना नाम 'कम्युनिस्ट' राख्दैमा वा विधानमा मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त र लक्ष्य समाजवाद लेख्दैमा त्यो श्रमजीवी वर्गको पार्टी हुँदैन। पार्टीको मार्क्सवादी जीवनदर्शन, व्यवहार र नैतिकता, श्रमजीवी वर्गप्रतिको एकत्वभाव, वर्गीय शोषण र विभेद अन्त्यका लागि निरन्तर निर्मम संघर्षजस्ता आधारभूत पक्ष नै कम्युनिस्टको मुख्य पहिचान हुन्। यस पहिचानबाट च्यूत भएका तथाकथित कम्युनिस्ट पार्टीहरू मार्क्स, लेनिन र सर्वहारावर्गका नाममा श्रमिक जनताको मतबाट केही कालका लागि सत्तामा पुग्न त सक्छन्, तर त्यस्ता पार्टीको सत्ता श्रमजीवीको सत्ता नभई जनविरोधी तत्त्वको सत्ता हुन्छ र जनता झनै शोषण दमनको मारमा पर्छन्। नेपालको आजको अवस्था यही हो। आगामी दिनमा नेपाली मतदाताले यसको हेक्का राख्नुपर्छ।

अहिले जनतासामु जतिसुकै भाषणबाजी र वाचा गरे पनि सत्तासीन वा सत्ता हत्याउने दाउ पर्खिबसेकाहरूको वर्तमान नेतृत्वको हातबाट वर्तमान अवस्थाको अन्त्य होला भनी आशा गर्न सकिने आधार देखिँदैन। किनकि, भ्रष्टाचारी सिन्डिकेटको जुन दलदलमा यिनीहरू फसिसकेका छन्, त्यसबाट मुक्ति पाउन सक्ने अवस्था र नैतिक बल यिनमा बाँकी रहेन। भ्रष्टाचारी तथा नैतिकताविहीन व्यक्तिको नेतृत्वमा भ्रष्टाचारमुक्त सुशासन कायम हुन सक्दैन। राष्ट्र, राष्ट्रियता, जनसार्वभौमिकता तथा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विस्तार गर्न सकिँदैन। त्यसकारण वर्तमान अवस्थाको अन्त्यका लागि आमजनता पुनः एकताबद्ध भई, वर्तमान व्यवस्थाविरुद्ध होइन, भ्रष्ट नेतृत्वविरुद्ध, सशक्त रूपमा सडक र संसद्मा प्रतिरोधमा उत्रिनु आवश्यक छ। तर, दुर्भाग्य के छ भने जननिर्वाचित संसद् जनप्रतिनिधिका रूपमा छैन।

त्यसमा बिचौलिया, कमिसनखोर तथा भ्रष्टाचारीको बोलवाला छ। सरकारका मन्त्रीहरू खुला भ्रष्टाचार तथा लुटतन्त्रमा लिप्त छन्। प्रशासनिक संयन्त्र र नियामक निकाय यिनै भ्रष्टको सिन्डिकेटको पकडमा छन्, न्यायपालिका न्यायको मन्दिर नभई शक्तिका पुजारीहरूको पूजास्थलमा परिणत भएको छ। यस अवस्थामा एक मात्र उपाय प्रत्येक पार्टीभित्र तथा बाहिर रहेका चेतनशील र अग्रगामी सोच भएका युवाले स्पष्ट साझा वैचारिक धार, पारस्परिक विश्वास र भ्रातृत्व भावमा संगठित भई संघर्षमा ओर्लिन आवश्यक छ। र, यो नै समयको माग हो। आशा छ, समयले नै यस्तो शक्ति जन्माउनेछ।

---

३ प्रश्न

अर्थशास्त्री **केशव आचार्य**लाई



आयोजनाहरूको बजेट सरेन्डर भनेको के हो ?

कुनै आयोजनाका लागि विनियोजित बजेट कुनै हिसाबले खर्च गर्न नसकेर हामीले बजेट खर्च गर्न सकेनौं भनी राज्यको सर्वसञ्चित कोषमा फिर्ता पठाउनुलाई बजेट सरेन्डर भनिन्छ। स्रोतको दबाबमा रहेको अर्थ मन्त्रालय त यस्तो सरेन्डरबाट खुसी नै होला। यसबाट उसलाई धेरथोर स्रोत उपलब्ध हुन्छ। तर, आयोजनाका लागि विनियोजित बजेट खर्च गर्न नसक्नु भनेको सरकारी निकायको निकम्मापनको उदाहरण हो।

विदेशी सहायतामा सञ्चालित परियोजनाको समेत बजेट सरेन्डर हुनुले के संकेत गर्छ ?

सायद विदेशी सहायता लिँदा तयार गरिएका आयोजना सोचविचार नगरी बनाइएका हुन सक्छन्। अथवा पूर्वसम्भाव्यता अध्ययन राम्ररी नभएको पनि हुन सक्छ। साथै, आयोजनाको डिपिआर पनि राम्रो बन्न नसकेको हुन सक्छ। वातावरण मन्त्रालयबाट 'क्लियरेन्स' पाउन नसकेको अवस्था पनि हुन सक्छ। समयमै ठेक्का लगाउन नसकिएको पनि हुन सक्छ। यस्ता कतिपय आयोजना आफ्नो आफ्नो निर्वाचन क्षेत्रका जनतालाई देखाउन प्रभावशाली नेताहरूले राजनीतिक उद्देश्यले राखेका पनि हुन सक्छन्। तर, जेजस्ता कारणले विदेशी सहायतामा सञ्चालित परियोजनाको बजेट सरेन्डर भएको भए पनि यसमा दातृ निकायको पनि कमजोरी छ भन्ने देखिन्छ।

यसले विकास परियोजनाहरूमा कस्तो प्रभाव पार्छ ?

आयोजना बन्यो। रातो किताबमा पनि राखियो। बजेट पनि विनियोजन गरियो। तैपनि, समयमै बजेट खर्च गर्न सकिएन भने यसले देशको समग्र विकास निर्माणमा नकारात्मक प्रभाव त पार्छ नै। जुनसुकै कारणले बजेट खर्च हुन नसकेको भए पनि यसले सरकारी निकायको कमजोरी या निकम्मापन उजागर गर्छ।

प्रेरक प्रसंग

भीष्म र द्रौपदीको संवाद

महाभारतको युद्ध चलिरहेको थियो। भीष्म अर्जुनको वाणबाट घाइते भएर सरशय्यामा सुतिरहेका थिए। हरेक दिन कौरव र पाण्डवका फरक-फरक समूह उनलाई भेट्न गइरहन्थे।

एक दिन पाँचै भाइ पाण्डव र द्रौपदी भीष्मको चारैतिर बसेका थिए। भीष्म उनीहरूलाई उपदेश दिइरहेका थिए। सबै श्रद्धापूर्वक उनको उपदेश सुनिरहेका थिए। अचानक द्रौपदी खित्का छाडेर हाँस्न थालिन्। उनको यस्तो कार्यबाट भीष्म निकै आहत भए। उनले उपदेश दिने कार्य रोके। पाँचै भाइ पाण्डव पनि द्रौपदीको यस्तो हर्कतबाट आश्चर्यचकित भए। केही बेरपछि भीष्मले द्रौपदीलाई सम्बोधन गर्दै भने- पुत्री, तिमी एक सम्भ्रान्त कुलकी छोरी र त्यस्तै कुलकी बुहारी हौ। के म तिम्रो यस हाँसोको कारण थाहा पाउन सक्छु ? द्रौपदीले गम्भीर हुँदै भनिन्- पितामह, आज हजुर हामीलाई



अन्यायविरुद्ध लड्नुपर्छ भन्ने उपदेश दिइरहनुभएको छ। तर, जब कौरवसभामा मलाई निर्वस्त्र गर्ने कुचेष्टा चलिरहेको थियो, त्यतिखेर हजुरको यो उपदेश कहाँ गएको थियो ? हजुरले किन मौनधारण गर्नुभएको थियो ? यही सम्झेर मेरो हाँसो फुस्केको हो।

भीष्मले आँखाभरि आँसु बनाउँदै भने- पुत्री, तिमीलाई थाहा छ, मैले त्यतिखेर दुर्योधनको अन्न खाइरहेको थिएँ। त्यो अन्न जनतालाई दुःखी बनाएर जम्मा गरिएको थियो। त्यस्तो अन्न खाएकाले मेरो संस्कार क्षीण भएको थियो। त्यसैले, त्यतिखेर मेरो बोली बन्द भएको थियो। तर, अब भने त्यस अन्नबाट बनेको रगत मेरो शरीरबाट बगिसकेको हुनाले मेरो स्वाभाविक संस्कार फिर्ता आइसकेको छ। त्यसैले, मेरो मुखबाट उपदेश निस्किरहेको छ। पुत्री, मान्छेले जस्तो अन्न खान्छ, उसको मन पनि त्यस्तै बन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

शिक्षामन्त्रीको मौन विद्रोह

शिक्षामन्त्री विद्या भट्टराईको राजीनामा सरकारको नेतृत्वसामु एक शालीन विद्रोह हो। शिक्षकका जायज माग पूरा गराउन प्रतिबद्ध मन्त्रीलाई आफ्नै सरकारको नेतृत्वबाट भएको असहयोगले पद त्याग्न बाध्य बनाइनुले सरकार र प्रधानमन्त्रीले लाज लुकाउने अधिकार पनि गुमाइसकेको प्रस्ट हुन्छ। वर्तमान सरकारले शिक्षा क्षेत्रलाई जसरी भए पनि ध्वस्त पारेरै छाड्ने लक्ष्य लिएको छ कि जस्तो देखिन्छ। त्यसैले, यो सरकार शिक्षकका आवाज दबाउने र सुधारको प्रयत्नलाई कुल्चिने निर्मम प्रवृत्तिको प्रतिनिधि बनेको छ। निकम्मा सरकारको मन्त्री बनेर अक्षमताको भारी बोक्नुभन्दा शिक्षामन्त्री भट्टराईले पदबाट दिएको राजीनामा स्वागतयोग्य छ।

● **पुरुषोत्तम नेपाल**, सिन्धुपाल्चोक
nepalpurushotam09@gmail.com

प्रधानमन्त्री किन अनुदार ?

प्रधानमन्त्री नै अनुदार बनेपछि शिक्षकले आफ्ना समस्या कससामु राख्ने ? उनले सबैका माग सुनेर आफूले पूरा गर्न सक्नेजति पूरा गर्ने र नसक्ने या नमिल्नेजति माग पूरा हुँदैन भनेर शिक्षकका प्रतिनिधिलाई बोलाएर कांग्रेस, माओवादी, रास्वपा, राप्रपालगायत दलका नेतृत्वलाई साक्षी राखेर भन्न सकेको भए शिक्षक महासंघलाई आन्दोलन रोक्न दबाब पर्ने थियो। तर, प्रधानमन्त्रीले इमानदारीपूर्वक अभिभावकत्व वहन गर्न नसक्दा यतिखेर शिक्षकको आन्दोलन रोकिनुको साटो झन्झन् चर्किँदै छ। शिक्षकप्रति प्रधानमन्त्री किन यति अनुदार ?

● **वन्दना महरा**
सातदोबाटो, ललितपुर

शिक्षामन्त्रीले ठिक गरिन्

शिक्षामन्त्री विद्या भट्टराईले पदबाट राजीनामा गरेको समाचार पढियो। राजनीतिमा जब हरेक निर्णय 'माथि' सोधेर या 'माथि'को इसाराअनुसार चल्नुपर्छ या निर्णय गर्नुपर्छ भने त्यस्तो पदमा गजधम्म परेर बसिरहनुको अर्थ नै के हुन्छ र ? नयाँ शैक्षिक सत्रको सुरु हुँदै गर्दा लामो समयदेखि सरकारी विद्यालयमा कार्यरत शिक्षकहरू आन्दोलनरत छन्। तिनका माग सुनेर पूरा गर्ने आश्वासनसहित काममा फर्काउनुको साटो तिनलाई झनै उत्तेजित बनाउने प्रधानमन्त्रीको हप्कीदप्की सहेर पदमा बस्नुभन्दा राजीनामा दिनु नै ठिक हो।

● **प्रभात श्रेष्ठ**
बुटवल-४, रुपन्देही

सरकारको अपरिपक्व निर्णय

शिक्षकको माग ठिक छैन भन्ने लाग्छ भने सरकारले कडा कदम चाल्न किन नसकेको ? सार्वजनिक समारोहमा शिक्षकले उठाएका माग ठिक छैनन् भन्नुको के अर्थ ? प्रधानमन्त्री केपी ओलीको असहयोगकै कारण शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिनुपऱ्यो। प्रधानमन्त्री ओलीमा यति धेरै दम्भचाहिँ किन ? कसैका कुरा सुन्नै नसक्ने आफूले जे बोल्यो, त्यही ठिक भन्ने यस्तो तरिकाले देश चल्ला र ? संसद्मा सांसदको आवाज नसुन्ने प्रधानमन्त्रीले बाटामा कराएको जनताको आवाज कसरी सुन्नु ? साँच्चै शिक्षकका माग गलत छन् भने पढाउन विद्यालय नजाने शिक्षकलाई कारबाही गर्नुपऱ्यो। विधिको शासनमा कसैले पनि मनलागी गर्न पाउँदैन। तर, शिक्षकका माग ठिक भए सम्बोधन हुनुपऱ्यो। सरकार र शिक्षकको चेपुवामा विद्यार्थी कहिलेसम्म परिरहने ? देशमा बेरोजगारको संख्या उल्लेखनीय छ। उनीहरू सरकारी विद्यालयमा पढाउन जान पाए तयार छन्। विद्यार्थीको नयाँ शैक्षिक सत्र सुरु हुँदै गर्दाको अवस्थामा शिक्षकले आन्दोलन गरेर विद्यार्थीको भविष्यमाथि खेलबाड गर्न मिल्दैन। त्यसैगरी, कक्षा १२ को बोर्ड परीक्षा सरकारी कर्मचारी राखेर गराउने सरकारको निर्णय पनि सरासर गलत छ। कर्मचारीले शिक्षकको काम गर्न सक्ने भए शिक्षक किन चाहियो ? शिक्षक र कर्मचारीमा फरक छ। विद्यार्थीले प्रश्नपत्र सोध्दा एक विषय पढाउने शिक्षकले अर्को विषयको प्रश्नपत्र राम्रोसँग बुझाइदिन सक्दैन भने कर्मचारीले के गर्ला ? सरकारले जहिल्यै निर्णय किन अपरिपक्व हुन्छ ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

जनताका पोपको अवसान

पोप फ्रान्सिस आप्रवासी एवं गरिबसँग उभिँदा वा विश्व नेतालाई जिम्मेवार ठहऱ्याउँदा सधैं आस्था मानवताको सेवामा हुनुपर्छ भन्थे



देश / विदेश

● जोन डायल

सन् १९३६ मा अर्जेन्टिनाको ब्युनस आयर्समा जन्मेका पोप फ्रान्सिस (जोर्ज मारियो बर्गोलियो) को २१ अप्रिल २०२५ मा ८८ वर्षको उमेरमा देहावसान भयो। सन् २०१३ को मार्चदेखि सुरु भएको उनको पोप पदावधिले क्याथोलिक चेतनाको पुनः कल्पना गरेजस्तै प्रभाव पारेको थियो। उनी पहिलो जेसुइट, पहिलो ल्याटिन अमेरिकी र एक हजार दुई सय वर्षपछि युरोपबाहिरका पहिलो पोप थिए। उनले विनम्रता, सुधारवादी सोच, संवाद, करुणा र विश्वव्यापी न्यायमा प्रतिबद्धतासाथ पोप पदावधि निर्वाह गरे।

२२ अक्टोबर २०२३ मा आइतबारको प्रार्थनाको समयमा उनले सार्वजनिक रूपमा अन्तिमपटक बोलेका थिए। उनले गाजामा बढ्दो हिंसाप्रति गहिरो चिन्ता व्यक्त गर्दै तुरुन्त युद्धविराम र मानवीय सहायता बढाउन आग्रह गरेका थिए। उनले राष्ट्रसंघ र विश्व शक्तिलाई राहत पुगोस् भनेर तुरुन्त हस्तक्षेप गर्न अनुरोधसमेत गरेका थिए। उनको आग्रहको एक वर्षपछि गाजामा ४८ हजारभन्दा बढी मानिस मारिइसकेका थिए, जसमा करिब सात हजार बालबालिका थिए। उनले विपत्तिको आकलन गर्दै त्यो रोकियोस् भन्ने चाहेका थिए।

पोप फ्रान्सिस आफ्नो पोप पदावधिभरि प्यालेस्टिनी जनताका लागि स्पष्ट एवं मुखर आवाज बने। उनले इजरायलको कब्जा र मानवअधिकार उल्लंघनलाई खुला रूपमा चुनौती दिए। सन् २०२१ मा हमास र इजरायलबिचको द्वन्द्वमा उनले नागरिकको मृत्युको निन्दा गर्दै तनाव कम गर्न माग गरेका थिए। उनले सधैं दुई-राज्यीय समाधान (टु स्टेट सोलुसन) को समर्थन गरेका थिए र न्याय, मानवीय मर्यादा एवं गरिमा र प्यालेस्टिनी जनताको आत्मनिर्णयको अधिकारमा जोड दिएका थिए। उनको नैतिक स्पष्टता केवल मध्यपूर्वमा मात्रै सीमित थिएन। फ्रान्सिसले विश्वव्यापी रूपमा युद्धको विरोध गरेका थिए। उनले रुस-युक्रेन युद्धको कडा आलोचना गर्दै हतियारको व्यापार तथा आणविक हतियारको प्रबन्धलाई अस्वीकार्य बताएका थिए। सन् २०१९ मा हिरोसिमामा बोल्दै उनले आणविक हतियारको स्वामित्व नै 'अनैतिक' हो भनेका थिए। अन्तरधार्मिक संवादमा पनि उनले क्रान्तिकारी पहल गरेका थिए। इस्लामिक नेतासँग प्रारम्भिक भेटघाटदेखि लिएर सन् २०१९ मा ग्रयान्ड इमाम अहमद एल-तय्यबसँग संयुक्त रूपमा 'मानवताका लागि दस्ताबेज'मा हस्ताक्षर गर्नेदेखि सन् २०२१ मा इराकमा सिया धर्मगुरु अयातुल्लाह अली अल-सिस्तानीसँग भेटजस्ता उल्लेखनीय पहल लिएका थिए। यी संवादले धार्मिक सहिष्णुता, शान्ति र सहअस्तित्वको सन्देश फैलाए, जुन आजको ध्रुवीकरण र कट्टरता भरिएको विश्वमा झनै आवश्यक थियो।

कट्टरपन्थीहरूको आलोचना हुँदासमेत पोप फ्रान्सिसले युएई, इजिप्ट र इराकजस्ता मुसलमानबहुल राष्ट्रसँगको सम्बन्ध परस्पर सम्मान र साझा मूल्यमा कायम गरे। उनले उग्रवादका कारण धर्म नभई सामाजिक-राजनीतिक अन्याय हो भन्दै इस्लामलाई हिंसासँग जोड्न अस्वीकार गरेका थिए। पर्यावरणीय न्याय उनको धर्मगुरुपनको केन्द्रमा रह्यो। सन् २०१५ मा प्रकाशित लौदातो सी दस्ताबेजमा उनले जलवायु परिवर्तनलाई नैतिक संकटका रूपमा चित्रित गरेका थिए। सन् २०२१ को कोप-२६ सम्मेलनमा उनले तुरुन्तै पहलकदमी लिन आह्वान गरेका थिए। उनले मृत्युदण्डको समेत विरोध गरे र सन् २०१८ मा क्याथोलिक शिक्षालाई परिमार्जन गर्दै मृत्युदण्डलाई सबै अवस्थामा 'अस्वीकार्य' घोषणा गरियो।

पोप फ्रान्सिसले सैद्धान्तिक जडसूत्रवादभन्दा दया र करुणालाई प्राथमिकता दिए। सन् २०१६ अमोरिस लाएतितियामा उनले सम्बन्धविच्छेद गरिसकेका र



चित्र : द फेडरल डटकम

समलैंगिक व्यक्तिप्रति सहानुभूतिपूर्ण व्यवहार गर्न आग्रह गरेका थिए, तथापि समलैंगिक जोडीलाई उनले पाप गर्नेलाई ईश्वरले दिएको उपहारको संज्ञा दिएका थिए। उनका यी धारणा उदारवादीदेखि पुरातनपन्थी दुवैले रुचाएनन्।

प्रधानमन्त्री मोदीसँग दुईपटक भेट भए पनि भारतले उनलाई कहिल्यै औपचारिक निमन्त्रणा दिएन। उनको भारतप्रति गहिरो सम्मानका कारण उनले सन् २०२२ मा आर्कबिसप एन्टोनी पुलालाई पहिलो दलित कार्डिनल बनाए। भारतीय इसाई समुदायमा मौजुदा जात आधारित प्रणालीगत असमानताबिच यो ठुलो कदम थियो।

फ्रान्सिसको नेतृत्व शैली खुलापन, विनम्रता र पहुँचको प्रतीक थियो। सुरुदेखि नै उनले पोपको भव्यता र विलासिता त्यागे अर्थात् उनी सादा लुगा लगाउँथे, एपोस्टोलिक दरबारमा बस्थेनन् र आफूलाई 'रोमको एक बिसप' भनेर सम्बोधन गर्थे। इटालियन आप्रवासी आमाबुबाबाट जन्मेका बर्गोग्लियोले रसायनशास्त्रको अध्ययन गरेपछि सन् १९५८ मा जेसुइटमा प्रवेश गरेका थिए। सन् १९६९ मा उनको धार्मिक अभिषेक भएपछि उनी अर्जेन्टिनाको सैन्य अधिनायकवादका समयमा जेसुइटहरूको प्रान्तीय प्रमुख बने। उनले पछि यस अवधिमा निभाएको भूमिकामा आत्मालोचना गरेका थिए। सादा जीवनशैली र गहिरो सहानुभूतिका लागि चिनिएका उनी सन् १९९८मा ब्युनर्स आयर्सका आर्कबिसप बने र सन् २००१ मा कार्डिनल बनेका थिए।

उनको पोपकाल एक दशकभन्दा बढी लामो रह्यो, जसमा ४० भन्दा बढी अन्तर्राष्ट्रिय भ्रमण समावेश थिए। उनले द्वन्द्वग्रस्त क्षेत्र, शरणार्थी शिविर र साना क्याथोलिक समुदायमाझ भ्रमण गरेका थिए। यी सबै यात्रा उनको भौगोलिक, सामाजिक र आत्मिक रूपमा सीमान्तकृतसम्म पुग्ने धार्मिक प्राथमिकताका अभिव्यक्ति थिए।

पोप फ्रान्सिसले हामीमाझ करुणाको साहसी सम्पदा छोडेर गएका छन्। उनले चर्च र विश्व दुवैलाई न्यायपूर्ण, विनम्र र प्रेमिल हुन आग्रह गरेका थिए। आप्रवासीसँग उभिँदा, गरिबलाई अँगालो हाल्दा वा विश्व नेतालाई जिम्मेवार ठहराउँदा उनी सधैं आस्था मानवताको सेवामा हुनुपर्छ भन्नेमा अडिग रहे। विभाजित विश्वमा पोप फ्रान्सिसले पर्खाल नभई पुल बनाउन आह्वान गरेका थिए। उनले शान्ति, न्याय र करुणा धार्मिक मूल्य मात्र नभई विश्वव्यापी आवश्यकताका रूपमा प्रस्तुत गरेका थिए। अलबिदा पोप फ्रान्सिस !

(डायल मानव अधिकार अभियन्ता एवं लेखक हुन्)
द फेडरल डटकमबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारत–चीन सम्बन्धमा देखिएको नम्रता र भावी चुनौती

हालैका सकारात्मक पहलका बाबजुद द्विपक्षीय सम्बन्धमा संरचनात्मक समस्या तनावको स्रोतको रूपमा पुनः देखा पर्न सक्छ



• जबिन टी ज्याकब

जबिन टी ज्याकब शिव नादर विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध तथा शासन अध्ययन विभागका सहप्राध्यापक र हिमालयन अध्ययन केन्द्रका निर्देशक हुन् ।



भारतीय विदेशमन्त्री एस जयशंकरले हालै 'चौतर्फी द्विविधायुक्त र अस्थिर अशान्त संसार' बारे चर्चा गरेका छन् । त्यस्तैगरी, चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव तथा राष्ट्रपति सी जिनपिङले पनि विश्व 'पछिल्लो एक शताब्दीमा नदेखिएको स्तरको ठुला परिवर्तन'बाट गुज्रिरहेको बताउँन थालेका छन् । यस्तो अनिश्चित संसारको पृष्ठभूमिमा आखिर भारत-चीन सम्बन्धको सम्भावना के छ त ?

पछिल्लो समय भारत र चीनबिचको सम्बन्धमा केही सहजता आएको छ । यस्तो देखिन्छ कि भारत-चीन सम्बन्धमा हालै देखिएको नम्रता कम्तीमा केही हदसम्म अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको साझा चिन्ताले प्रेरित छ । यद्यपि, यी दुई देशलाई लामो समयसम्म एकसाथ राख्न बाह्य खेलाडीको डर मात्र पर्याप्त नहुन सक्छ । राष्ट्रपति ट्रम्पले अंगीकार गरेका उग्र गतिविधि र दृष्टिकोणले अन्ततः अवरोधको सामना गर्नुपर्नेछ ।

भारत र चीनको सम्बन्धमा कम्तीमा दुई संरचनात्मक समस्या तनावको स्रोतको रूपमा पुनः देखा पर्नेछन् । ती समस्या हुन्, सीमा विवाद र अमेरिकी भूमिका । चीनको आर्थिक तथा भूराजनीतिक उदय र गति कायम राख्न भारतको असमर्थताका कारण दुई देशबिचको सीमा विवाद समाधानको सम्भावना घट्दै गएको छ ।

अहिले भारतका बाधा अड्चन धेरै देखिएका छन्- सुधारमा ढिलो भएको सैन्य तथा सीमित कूटनीतिक क्षमता, विदेशी सहायता र सहयोगका लागि सीमित आर्थिक स्रोत, आफ्नै छिमेकीसँगको अलोकप्रियता, जोखिम उठाउन अनिच्छुक घरेलु उद्योग र बाह्य व्यापार सम्झौतामा अनिच्छुक राजनीतिक वर्ग । यस्तोमा चिनियाँहरू सीमा विवाद वा अन्य कुनै पनि मुद्दामा सम्झौता गर्न हतारिएका छैनन् । 'वास्तविक नियन्त्रण रेखा (एलएसी)'मा सेना पूर्ण रूपमा फिर्ता भएको घोषणा त गरिएको छ । तर, घोषणा अनुरुप फिर्तीलाई पूर्ण रूपमा बेवास्ता गरिएको देखिन्छ ।

एलएसीबाट सेनालाई पूर्ण रूपमा फिर्ता गर्ने र विद्यमान तनाव अन्त्य गर्नेजस्ता पहलविना २०२० मा चीनको अतिक्रमण गर्नुअघिको अवस्थामा रहेको सम्बन्धलाई पुनर्स्थापना गर्ने कार्य अपूर्ण हुनेछ । सन् २०२० को अतिक्रमणको उचित प्रतिक्रिया दिन भारतीय सेनाको असफलताले चिनियाँ पक्षमा थप साहसिक कार्यलाई प्रोत्साहन गर्नसक्छ ।

तिब्बत समस्या भारतसँगको सीमामा चिनियाँ असुरक्षाको केन्द्रमा छ । समयसँगै तिब्बतमाथि चीनको नियन्त्रणको मात्रा बलियो भएको विषयमा कुनै शंका छैन । तैपनि, तिब्बतमाथि चीनको ऐतिहासिक नियन्त्रणको व्यापक दाबीलाई स्वीकार गर्न नयाँ दिल्लीको अनिच्छाले भारतसँगको सीमा तनावलाई जीवित राख्नेछ । वर्तमान दलाई लामाको अवसानपछिको भारत-चीन सम्बन्धमा विशेषगरी संवेदनशील समय हुनेछ । चीनले तिब्बती क्षेत्रभित्रको कुनै पनि अशान्तिको दोष भारतलाई दिने र एलएसीमा तनावको अर्को बहाना बन्ने सम्भावना उच्च छ ।

उता भारत-अमेरिका सम्बन्धमा धेरै विरोधाभास छन्, जसमा इन्डो-प्यासिफिकमा सुरक्षा सम्बन्ध कस्तो देखिनुपर्छ भन्ने विषय र आर्थिक सम्बन्ध पनि समावेश छ । तथापि, व्यापार सम्झौताबारे दुई देशबिच वार्ता भइरहेको छ । नयाँदिल्लीले चीनविरुद्ध सन्तुलन कायम राख्न अमेरिका एक आवश्यक साझेदार हो भन्ने विश्वास गर्छ । यो भारत-चीन तनाव बढ्नुको अर्को महत्त्वपूर्ण कारण हो ।

चीन आफूलाई एक प्रमुख विश्वव्यापी शक्ति मान्छ । बेइजिङ अमेरिकासँग अस्तित्वगत प्रतिस्पर्धामा छ । चीन अहिले ट्रम्पको पहिलो कार्यकालमा भन्दा धेरै राम्रोसँगै कुनै पनि जुनसुकै नजिक सामना गर्न तयार देखिन्छ । यसले आफ्नो राजनीतिक र आर्थिक विकास मोडेलको सन्दर्भमा अमेरिकी नेतृत्वमा रहेको पश्चिमबाट आफूलाई बढ्दो रूपमा अलग गर्दै गएको छ । यस सन्दर्भमा नयाँदिल्लीको 'रणनीतिक स्वायत्तता'को नीतिलाई बेइजिङले बारम्बार उल्लेख गर्नु भनेको भारतले पश्चिमको पक्षमा यो कथित तटस्थता त्यागेको हो कि भन्ने चिन्ताको संकेत मात्र हो । तसर्थ, भारतीय वाणिज्यमन्त्री पियूष गोयलले हालैको एक बयानमा अमेरिकी करलाई 'जीवनभरको अवसर' भनेका छन् ।

चीनले आफ्नो अनुचित व्यापारिक अभ्यासमार्फत विश्वव्यापी अर्थ-व्यवस्थालाई कमजोर बनाएको भन्दै अमेरिकाले आक्रमण गर्दा बेइजिङमा भारत-अमेरिका सम्बन्ध चीनविरुद्ध लक्षित छ भन्ने धारणालाई मात्र बलियो बनाउनेछ ।

विश्वव्यापी शासनका आफ्नै नियम छन् । भारतको सामु चुनौती यो छ कि धेरै असहमतिका बाबजुद वैकल्पिक राजनीतिक र आर्थिक विकास मोडेलको आवश्यकता र हाल पश्चिमाको प्रभुत्वमा रहेका विश्वव्यापी संस्थाको सुधारका लागि चीनसँग सहमतिका बुँदा पनि छन् । जस्तैः जलवायु परिवर्तनमा भारत र चीनले मिलेर काम गर्न सकेमा धेरै प्रगति अघि बढाउन र कार्यान्वयन गर्न सकिन्छ । त्यस्तै, कृत्रिम बुद्धिमत्ताको व्यवस्थापनमा नयाँदिल्ली र बेइजिङको ठुलो सामञ्जस्य भए 'ग्लोबल साउथ'को हितप्रति संवेदनशील भएको मानिनेछ ।

यसै वर्षको अप्रिल १ मा भारत र चीनबिच कूटनीतिक सम्बन्ध स्थापनाको ७५ औँ वार्षिकोत्सव मनाइयो । दुवै राष्ट्रले सन् २०२० को घटनापछि आफ्नो सम्बन्धमा सामान्यीकरणको झलक दिन यस अवसरको प्रयोग गरेका छन् । यद्यपि, संरचनात्मक समस्या यथावत् छन् । नसुल्झेका सीमा विवाद र अमेरिकी कारक सम्बन्धमा तनावको स्रोत बनिरहनेछन् ।

(हिन्दुस्तान टाइम्सबाट)

इतिहासमा आज

अप्रिल २३



सन् १७८९ : राष्ट्रपतिका रूपमा जर्ज वासिंटन न्युयोर्कस्थित फ्रांकलिन हाउसमा बस्न थाले, जुन अमेरिकी राष्ट्रपतिको पहिलो आवासीय भवन थियो ।

सन् १८४९ : रुसी लेखक फ्योदोर दोस्तोएभ्स्की र पेट्रासेभ्स्की वृत्तका अन्य सदस्य उदारवादी र समाजवादी विचार फैलाएको आरोपमा पक्राउ परे ।

सन् १८९६ : विश्वको पहिलो चलचित्र न्युयोर्क सहरको कोस्टर एन्ड बायल्स म्युजिक हलमा सार्वजनिक प्रदर्शनमा आयो ।

सन् १९२० : मुस्तफा केमल अतातुर्कको नेतृत्वमा टर्किस राष्ट्रिय महासभाको पहिलो बैठक अंकारामा बस्यो । सभाले सुस्तान छैटौँको शासनलाई अमान्य घोषित गर्दै टर्कीमा गणतन्त्रको जग बसायो ।

सन् १९५० : कम्युनिस्टसँगको गृहयुद्ध हारेपछि हेनानमा मुख्यालय बनाएका चियाङ काई-सेक नेतृत्वको राष्ट्रवादी सरकार अन्ततः मूलभूमि चीन छाडेर ताइबानतर्फ सर्न थाल्यो ।

सन् १९६७ : सोभियत संघले प्रक्षेपण गरेको सोयुज प्रथममा सवार भ्लादिमिर कोमारोभ पृथ्वीमा फर्किने क्रममा प्यारासुट नखुल्दा मारिए । कोमारोभको निधन अन्तरिक्ष उडानका क्रममा भएको पहिलो मानव मृत्यु हो ।

सन् १९६९ : अमेरिकी पूर्वराष्ट्रपति जोन एफ केनेडीका भाइ तथा सिनेटर रोबर्ट एफ केनेडीको हत्यारा सिरहानलाई मृत्युदण्डको सजाय दिइयो । (जुन पछि आजीवन कारावासमा बदलिएको थियो ।)

सन् १९८४ : वैज्ञानिकले नयाँ महामारीको रूपमा देखा परेको 'एड्स' लगाउने भाइरसको नाम 'एचटिएलभी-तृतीय (ह्युम्यान टी-सेल लिम्फोट्रोपिक भाइरस)' नामकरण गरे । पछि मात्र यसको नाम बदलेर हालको एचआइभी राखिएको हो ।

सन् १९९१ : सोभियत संघले संविधान संशोधन गरेर १५ गणराज्यले चाहेमा अलग हुन सक्ने अधिकार प्रदान गऱ्यो ।

सन् १९९३ : इथोपियाबाट अलग हुने-नहुने प्रश्नमा इरिट्रियामा आजबाट तीनदिने जनमतसंग्रह सुरु भयो । अप्रिल २७ मा सार्वजनिक मतपरिणाममा ९८.८३ प्रतिशत अलग हुने पक्षमा देखियो ।

सन् २००५ : युट्युबका सहसंस्थापक जड करिमले युट्युबको पहिलो भिडियो 'अपलोड' गरे । करिमले सान डियागो चिडियाखाना भ्रमण गर्दा खिचेको भिडियो 'मि एट् द जू (चिडियाखानामा म)' शीर्षकमा अझै हेर्न सकिन्छ ।

सन् २०१९ : विश्व स्वास्थ्य संगठनले मलेरियाविरुद्धको पहिलो खोप मलाबीका बालबालिकालाई दिन सुरु गऱ्यो ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०१/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/ कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला । अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।
साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

मन्थली शाखा, रामेछाप

ऋणीको विवरण

१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय रामेछापमा प्रा.फ.र.नं. ६६४१९/०६१/०६२ अन्तर्गत मिति २०६१/०४/१३ मा दर्ता कायम भएको **निलकण्ठेश्वर आयल स्टोर्स**
फर्म दर्ता ठेगाना : मन्थली न.पा. -२, रामेछाप
स्थायी लेखा नं. ३००२५८६५७ मिति २०५८/०५/१५
प्रोप्राइटर : सागर सुवेदी
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा

२. **प्रमिला न्यौपाने**
कर्जा शिर्षक : घर कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सागर सुवेदी ना.प्र.नं. २९८६१-२११०२८ जारी मिति २०५२/११/२० जि.प्र.का. रामेछाप बाबुको नाम : विश्व नाथ शर्मा सुवेदी बाजेको नाम : राम हरि सुवेदी स्थायी ठेगाना : कठजोर-७, रामेछाप हालको ठेगाना : मन्थली न.पा.-१, रामेछाप	**सन्दीप सुवेदी** ना.प्र.नं. २१-०१-७८-०१५९२ जारी मिति २०७८/०५/२८ जि.प्र.का. रामेछाप बाबुको नाम : सागर सुवेदी बाजेको नाम : विश्व नाथ शर्मा सुवेदी स्थायी ठेगाना : मन्थली न.पा.-२, रामेछाप हालको ठेगाना : मन्थली न.पा.-१, रामेछाप	**प्रमिला न्यौपाने** ना.प्र.नं. १२/९०३९ जारी मिति २०५२/०४/०८ जि.प्र.का. बारा बाबुको नाम : खगेश्वर न्यौपाने पतिको नाम : सागर सुवेदी ससुराको नाम : विश्व नाथ शर्मा सुवेदी स्थायी ठेगाना : पिपरा सिमरा-९, बारा हालको ठेगाना : मन्थली न.पा.-१, रामेछाप	**प्रशान्त सुवेदी** ना.प्र.नं. २१-०१-७४-०२६९४ जारी मिति २०७४/०६/०२ जि.प्र.का. रामेछाप बाबुको नाम : सागर सुवेदी बाजेको नाम : विश्व नाथ शर्मा सुवेदी स्थायी ठेगाना : मन्थली न.पा. -२, रामेछाप हालको ठेगाना : मन्थली न.पा.-१, रामेछाप

नेपालगंज शाखा, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
किरण के.सी. ना.प्र.नं. १०८८ जारी मिति २०५३/०३/१२ जि.प्र.का. बाँके बाबुको नाम : पुरन सिंह क्षेत्री के.सी पतिको नाम : राजुमान उदाश ससुराको नाम : राजमान उदाश स्थायी ठेगाना : नेपालगंज न.पा.- ८, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -१०, बाँके **कर्जा शिर्षक : आवधिक कर्जा**	**राजुमान उदाश** ना.प्र.नं. २२२० जारी मिति २०५४/०४/२८ जि.प्र.का. बाँके बाबुको नाम : राजमान उदाश बाजेको नाम : नरेन्द्रमान उदास स्थायी ठेगाना : नेपालगंज न.पा. - १०, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -१०, बाँके

नेपालगंज पुष्पलाल चोक शाखा, बाँके

ऋणीको विवरण

१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय नेपालगंज, बाँकेमा प्रा.फ.र.नं. २४६३९/०७२/०७३ अन्तर्गत मिति २०७२/०५/११ मा दर्ता कायम भएको **माउन्ट एभरेष्ट बुक्स एण्ड स्पोटस्** फर्म दर्ता ठेगाना : नेपालगंज-२, बाँके स्थायी लेखा नं. ६०३४२०२२७ मिति २०७२/०५/२० **प्रोप्राइटर : शारदा भण्डारी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	२. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय नेपालगंज, बाँकेमा प्रा.फ.र.नं. २८०९६/०७४/०७५ अन्तर्गत मिति २०७४/११/२१ मा दर्ता कायम भएको **माउन्ट एभरेष्ट ट्रेडिङ्ग** फर्म दर्ता ठेगाना : नेपालगंज-२, बाँके स्थायी लेखा नं. ६०७५७६२२५ मिति २०७४/११/२१ **प्रोप्राइटर : विजय भण्डारी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

शारदा भण्डारी ना.प्र.नं. ५२१०२०/२५३५ जारी मिति २०६५/१२/२४ जि.प्र.का. दाङ बाबुको नाम : रोमहर्ष भण्डारी पतिको नाम : विजय भण्डारी ससुराको नाम : बुद्धि राम भण्डारी स्थायी ठेगाना : घोराही-११, दाङ हालको ठेगाना : नेपालगंज उ.म.न.पा-२, बाँके	**विजय भण्डारी** ना.प्र.नं. ३०३६० जारी मिति २०५६/०३/२० जि.प्र.का. कैलाली बाबुको नाम : बुद्धि राम भण्डारी बाजेको नाम : रामचन्द्र भण्डारी स्थायी ठेगाना : धनगढी उ.म.न.पा-८, कैलाली हालको ठेगाना : नेपालगंज उ.म.न.पा-२, बाँके

ऋणीको विवरण

३. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १२६४८५/०७१/०७२ अन्तर्गत मिति २०७१/०५/२६ मा दर्ता कायम भएको **रमा एण्ड सन्स प्रिन्ट सर्भिसेस प्रा.लि.** कम्पनी दर्ता ठेगाना : नेपालगंज उ.म.न.पा. -५, बाँके स्थायी लेखा नं. ६०२४१५८३७, मिति २०७२/०२/०७ **संचालक : तपेन्द्र विक्रम शाह** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	४. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा प्रा.फ.नं. १२२/३१५७/०६३/०६४ अन्तर्गत मिति २०६३/११/०१ मा दर्ता कायम भएको **पादुका कालसैनी प्रिन्टिङ्ग प्रेस** फर्म दर्ता ठेगाना : नेपालगंज न.पा. -३, बाँके स्थायी लेखा नं. ३०२५२३६६१, मिति २०६३/११/०३ **प्रोप्राइटर : तपेन्द्र विक्रम शाह** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	५. **तपेन्द्र विक्रम शाह** **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

तपेन्द्र विक्रम शाह ना.प्र.नं. ४५५७, जारी मिति २०५६/०३/१३, जि.प्र.का. बाँके बाबुको नाम : दिपेन्द्र बिक्रम शाही बाजेको नाम : राज बहादुर शाही स्थायी ठेगाना : नेपालगंज न.पा.-१७, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -४, बाँके	**सिर्जना थापा** ना.प्र.नं. १०२६०, जारी मिति २०५९/०८/०९, जि.प्र.का. बाँके बाबुको नाम : तेज बहादुर थापा पतिको नाम : तपेन्द्र विक्रम शाह ससुराको नाम : दिपेन्द्र बिक्रम शाही स्थायी ठेगाना : नेपालगंज -१, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -४, बाँके

नोटः ऋणी तपेन्द्र विक्रम शाहका लागि पादुका कालसैनी प्रिन्टिङ्ग प्रेसको संस्थागत जमानी रहेको

ऋणीको विवरण

६. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२४६७८/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/३१ मा दर्ता कायम भएको **राप्ती हर्बल उड एण्ड फुड प्रा. लि.** कम्पनी दर्ता ठेगाना : जानकी गा.पा. - ६, बाँके स्थायी लेखा नं. ६०९६२७६११ मिति २०७६/०५/३१ **संचालक : अमृत गिरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	७. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १२३९८२/७०/०७१ अन्तर्गत मिति २०७१/०३/१५ मा दर्ता कायम भएको **राप्ती हर्बल प्रोसेसिंङ्ग प्रा. लि.** कम्पनी दर्ता ठेगाना : गनापुर - ५, बाँके स्थायी लेखा नं. ६०१८८९८८४ मिति २०७१/०३/२० **संचालक : अमृत गिरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

अमृत गिरी ना.प्र.नं. ५८९/४३१ (सल्यान) जारी मिति २०५२/०५/१२ जि.प्र.का. बाँके बाबुको नाम : किर्ति बहादुर गिरी बाजेको नाम : जसुमान गिरी स्थायी ठेगाना : मर्मपरिकाँडा - ९, सल्यान हालको ठेगाना : नेपालगंज उ.म.न.पा. - २, बाँके	**जमुना गिरी** ना.प्र.नं. ४३४४९ (नवलपरासी) जारी मिति २०५४/०९/१३ जि.प्र.का. बाँके बाबुको नाम : परमानन्द गिरी पतिको नाम : अमृत गिरी ससुराको नाम : किर्ति बहादुर गिरी स्थायी ठेगाना : शिवमन्दिर - ३, नवलपरासी हालको ठेगाना : नेपालगंज उ.म.न.पा. - २, बाँके

इटहरी शाखा, सुनसरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फा.नं. ११००५/०७२/०७३ अन्तर्गत मिति २०७२/१२/०८ मा दर्ता कायम भएको **सन्त बिउ तथा च्याउ उद्योग** फर्म दर्ता ठेगाना : कप्तानगंज-७, सुनसरी स्थायी लेखा नं. ६०४००१११९ मिति २०७२/१२/०९ **प्रोप्राइटर : सन्तोष कुमार भगत** **कर्जा शिर्षक : आवधिक कर्जा**	**सन्तोष कुमार भगत** ना.प्र.नं. ०६-०१-६९-०८५६७ जारी मिति २०६९/०८/२१ जि.प्र.का. सुनसरी बाबुको नाम : लक्ष्मण प्रसाद भगत बाजेको नाम : विश्वनाथ प्रसाद भगत स्थायी ठेगाना : कप्तानगंज-७, सुनसरी हालको ठेगाना : देवानगंज गा.पा.-३, सुनसरी	**रिणा कुमारी चौधरी** ना.प्र.नं. ०६-०६-७४-०१११४ जारी मिति २०७४/०४/२४ जि.प्र.का. सुनसरी बाबुको नाम : लक्ष्मी चौधरी पतिको नाम : सन्तोष कुमार भगत ससुराको नाम : लक्ष्मण प्रसाद भगत स्थायी ठेगाना : देवानगंज गा.पा.-३, सुनसरी

जनकपुर शाखा, धनुषा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग,घरेलु तथा साना उद्योग कार्यालय, धनुषामा सा.फ.र.नं.१२०१३/७२४/२०७५/०७६ अन्तर्गत मिति २०७५/०६/१८ मा दर्ता कायम भएको **सुभम ओम ट्रेडर्स** फर्म दर्ता ठेगाना : जनकपुर उ.म.न.पा.-२, धनुषा स्थायी लेखा नं. ६०८५८८२८५ मिति २०७५/०६/१९ **साझेदारहरु : कुशेश्वर मण्डल र उमा शंकर मण्डल** **कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा फोर्स कर्जा**	**कुशेश्वर मण्डल** ना.प्र.नं. ४०७९७८५२ जारी मिति २०५८/०७/२१, जि.प्र.का. धनुषा बाबुको नाम : राम बिलास मण्डल बाजेको नाम : रंजित मण्डल केवट स्थायी ठेगाना : झटियाही -२, धनुषा हालको ठेगाना : हंसपुर गा.पा.-४, धनुषा	**उमा शंकर मण्डल** ना.प्र.नं. १७१०१८/१४० जारी मिति २०६८/०१/२५ जि.प्र.का. धनुषा बाबुको नाम : राम चन्द्र मण्डल केवट बाजेको नाम : राम परिक्षण मण्डल केवट स्थायी ठेगाना : हठीपुर हरवाडा -१, धनुषा हालको ठेगाना : शहिद नगर न.पा.-६, धनुषा

व्यक्तिगत जमानत दिनेको विवरण

राम चन्द्र मण्डल केवट ना.प्र.नं. ३५०००१११ जारी मिति २०३६/०४/०२, जि.प्र.का. धनुषा बाबुको नाम : राम परिक्षण मण्डल केवट बाजेको नाम : निर्सु मण्डल स्थायी ठेगाना : हरवाडा -१, धनुषा हालको ठेगाना : शहिद नगर न.पा.-६, धनुषा	**राम पुजन मण्डल** ना.प्र.नं. १७-०१-७२-०१२३९ जारी मिति २०७२/०२/१०, जि.प्र.का. धनुषा बाबुको नाम : राम चन्द्र मण्डल बाजेको नाम : राम परिक्षण मण्डल केवट स्थायी ठेगाना : हठीपुर हरवाडा -१, धनुषा हालको ठेगाना : शहिद नगर न.पा.-६, धनुषा	**राम बिलास मण्डल केवट** ना.प्र.नं. ४६८०/४०७९१३०७ जारी मिति २०४१/०२/१६, जि.प्र.का. धनुषा बाबुको नाम : रंजित मण्डल केवट बाजेको नाम : लालजी मण्डल स्थायी ठेगाना : झटियाही -२, धनुषा हालको ठेगाना : हंसपुर गा.पा.-४, धनुषा

अंजिनी देबी मण्डल ना.प्र.नं. ३५००१८३५ जारी मिति २०४६/०३/१७, जि.प्र.का. धनुषा बाबुको नाम : राम रतन मण्डल पतिको नाम : राम चन्द्र मण्डल ससुराको नाम : राम परिक्षण मण्डल केवट स्थायी ठेगाना : हठीपुर हरवाडा -१, धनुषा हालको ठेगाना : शहिद नगर न.पा.-६, धनुषा	**राम अशेश्वर मण्डल** ना.प्र.नं. ४०७९७९१६ जारी मिति २०५६/०८/२०, जि.प्र.का. धनुषा बाबुको नाम : राम बिलास मण्डल केवट बाजेको नाम : रंजित मण्डल केवट स्थायी ठेगाना : झटियाही -२, धनुषा हालको ठेगाना : हंसपुर गा.पा.-४, धनुषा	**निलम कुमारी मण्डल** ना.प्र.नं. १७१०३४/३ जारी मिति २०६४/०५/०३, जि.प्र.का. धनुषा बाबुको नाम : राजेश्वर मण्डल पतिको नाम : कुशेश्वर मण्डल ससुराको नाम : राम बिलास मण्डल स्थायी ठेगाना : झटियाही -२, धनुषा हालको ठेगाना : हंसपुर गा.पा.-४, धनुषा	**बैयावती केवटिन** ना.प्र.नं. ४०७९१३०९ जारी मिति २०४२/१०/२१, जि.प्र.का. धनुषा पतिको नाम : राम बिलास मण्डल ससुराको नाम : रंजित मण्डल केवट स्थायी ठेगाना : झटियाही -२, धनुषा हालको ठेगाना : हंसपुर गा.पा.-४, धनुषा

सिराहा शाखा, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
१. प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. १२१४०/२०७७/०७८ अन्तर्गत मिति २०७७/०४/२० मा दर्ता कायम भएको **विकास स्टोर्स** फर्म दर्ता ठेगाना : सिराहा न.पा.-७, सिराहा स्थायी लेखा नं. ६१०७००००२ मिति २०७७/०४/२० **प्रोप्राइटर : मंजु देवी यादव** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**मंजु देवी यादव** ना.प्र.नं. २०६ जारी मिति २०५२/०७/१७ जि.प्र.का. सिराहा बाबुको नाम : योगेन्द्र यादव पतिको नाम : रामजीवन यादव ससुराको नाम : राम नारायण यादव स्थायी ठेगाना : जिभौल-२, सिराहा हालको ठेगाना : सिराहा न.पा.-७, सिराहा	**रामजीवन यादव** ना.प्र.नं. १७१ जारी मिति २०५२/०७/०९ जि.प्र.का. सिराहा बाबुको नाम : राम नारायण यादव बाजेको नाम : डोमी यादव स्थायी ठेगाना : जिभौल-२, सिराहा हालको ठेगाना : सिराहा न.पा.-७, सिराहा	**विकास कुमार यादव** ना.प्र.नं. १५-०१-७०-०९४३० जारी मिति २०७०/०४/२० जि.प्र.का. सिराहा बाबुको नाम : रामजीवन यादव बाजेको नाम : राम नारायण यादव स्थायी ठेगाना : जिभौल-२, सिराहा हालको ठेगाना : सिराहा न.पा.-७, सिराहा

ऋणीको विवरण

२. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. १०५/०६३/६४ अन्तर्गत मिति २०६३/०५/२३ मा दर्ता कायम भएको **चन्दा ट्रेडर्स** फर्म दर्ता ठेगाना : सिराहा न.पा.-१, सिराहा स्थायी लेखा नं. ३०२१८६५५० मिति २०६३/०५/२३ **प्रोप्राइटर : ओम प्रकाश साह** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	३. **ओम प्रकाश साह** **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

ओम प्रकाश साह ना.प्र.नं. ८७२१३९०७/१८०४५ जारी मिति २०५७/०८/२३ जि.प्र.का. सिराहा बाबुको नाम : सोनेलाल साहु बाजेको नाम : महाविर साहु स्थायी ठेगाना : सिलोर्वा पछ्वारी-३, सिराहा हालको ठेगाना : सिराहा न.पा.-१, सिराहा	**ललिता कुमारी साह** ना.प्र.नं. १५१०५४/१८१०९ जारी मिति २०६८/०९/१८ जि.प्र.का. सिराहा बाबुको नाम : हिरालाल साह पतिको नाम : ओम प्रकाश साहु ससुराको नाम : सोनेलाल साहु स्थायी ठेगाना : सिलोर्वा पछ्वारी-३, सिराहा हालको ठेगाना : सिराहा न.पा.-१, सिराहा

बेनी शाखा, म्याग्दी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, बेनी, म्याग्दीमा प्रा.फ.नं.घ.उ.वि. १०१५/०६९/०७० अन्तर्गत मिति २०६९/०८/१४ मा दर्ता कायम भएको **श्री गणेश पशुपंक्षी तथा कृषि फर्म** फर्म दर्ता ठेगाना : अर्थुङ्गे-४, म्याग्दी स्थायी लेखा नं. ६००९११३३९ मिति २०६९/०८/१४ **प्रोप्राइटर : निरमाया बानिया** **कर्जा शिर्षक : आवधिक कर्जा**	**निरमाया बानिया** ना.प्र.नं. ४९१००१/१२२३० जारी मिति २०६६/०१/३० जि.प्र.का. म्याग्दी बाबुको नाम : घननाथ खतिवडा पतिको नाम : विष्णु बहादुर बानिया ससुराको नाम : इन्द्र बहादुर बानिया स्थायी ठेगाना : अर्थुङ्गे-४, म्याग्दी हालको ठेगाना : बेनी न.पा.-४, म्याग्दी	**विष्णु बहादुर बानिया** ना.प्र.नं. ४९-०१-७०-०१०२७ जारी मिति २०७०/०३/११ जि.प्र.का. म्याग्दी बाबुको नाम : इन्द्र बहादुर बानिया बाजेको नाम : मकरध्वज बानिया स्थायी ठेगाना : अर्थुङ्गे-४, म्याग्दी हालको ठेगाना : बेनी न.पा.-४, म्याग्दी

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार १० वैशाख ०८२

संक्षेप

नेप्से नौ अंकले घट्यो, ८.३२ अर्बको कारोबार

काठमाडौं/ मंगलबार नेप्से परिसूचक ९.९६ अंक (०.३६ प्रतिशत)ले घटेर दुई हजार ६ सय ८८.३२ विन्दुमा रोकिएको छ। सो दिन 'क' वर्गका कम्पनीको कारोबारमापक सेन्सेटिभ इन्डेक्स पनि ०.८५ प्रतिशतले घटेको छ। कुल तीन सय १९ कम्पनीका दुई करोड २५ लाख ५५ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा आठ अर्ब ३२ करोड १२ लाख ८२ हजार रुपैयाँबराबरको कारोबार भएको छ। नेप्सेका १३ समूहमध्ये तीन समूहको सूचक बढ्दा बाँकी समूहको सूचक घटेका छन्। 'अन्य' समूह सर्वाधिक २.२१ प्रतिशत बढ्दा उत्पादन तथा प्रशोधन र होटेल तथा पर्यटन क्रमशः १.१८ र ०.७९ प्रतिशतले उकालो लागेका छन्। विकास बैंक, लगानी र व्यापार समूह १ प्रतिशतभन्दा बढीले घट्दा बाँकी समूह १ प्रतिशतभन्दा थोरैले घटेका छन्।

बजार घटे पनि नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। त्यस्तै, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स र मकर जितुमाया सुरी हाइड्रोपावरका लगानीकर्ताले क्रमशः ९.९८ र ७.४७ प्रतिशत कमाएका छन्। कर्पोरेट विकास बैंकको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

जनसन्देश दिने बजेट ल्याउन निर्देशन



लुम्बिनी/ लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आर्थिक वर्ष ०८२/८३ को बजेट जनसन्देश दिने गरी तर्जुमा गर्न मातहतका निकायलाई निर्देशन दिएका छन्। उनले सीमित स्रोत-साधनलाई ध्यानमा राखी सुधारमुखी तथा कार्यान्वयनयोग्य योजना समेट्नुपर्ने बताए। मुख्यमन्त्रीको कार्यालयमा बजेट तर्जुमासम्बन्धी गरिएको एक कार्यक्रममा मुख्यमन्त्री आचार्यले घाटा बजेट ल्याउने पक्षमा नरहेको बताए।

चालू आर्थिक वर्षमा झन्डै ३९ अर्बको बजेट ल्याइएको भए पनि आगामी वर्षमा ३२ अर्बभन्दा बढी बजेट बनाउने अवस्था नरहेको उनले बताए। 'यसपटक घाटाको बजेट ल्याएर अघि बढ्न सकिँदैन। त्यसैले बजेटको सीमा निर्धारण गरिएको हो,' उनले भने। समानीकरण अनुदान प्राप्त नहुँदा दायित्व थपिएको अवस्था रहे पनि त्यसबाट मुक्त भइसकेको प्रदेश सरकारले अब ऋण बोक्ने, भार थोपर्ने काम नगर्ने उनले बताए।

एक तोला सुनको मूल्य दुई लाखनजिक

काठमाडौं/ अन्तर्राष्ट्रिय बजारमा लगातार बढिरहेको सुनको मूल्यको प्रभाव नेपालको स्थानीय बजारमा पनि परेको छ। मंगलबार एक तोला पहेँलो धातुको मूल्य एक लाख ९७ हजार नौ सय कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ। यो हालसम्मकै उच्च मूल्य हो। स्थानीय बजारमा सोमबारको तुलनामा मंगलबार एक तोला सुनमा ६ हजार नौ सय रुपैयाँले सुनको भाउ बढेको हो। चाँदीको मूल्य पनि तोलामा १० रुपैयाँले बढेको छ। आज चाँदीको मूल्य प्रतितोला एक हजार नौ सय ७० कायम भएको छ।

अन्तर्राष्ट्रिय बजारमा मंगलबार प्रतिऔंस सुन तीन हजार चार सय ७९ अमेरिकी डलरमा कारोबार भइरहेको छ।

■ ऊर्जामन्त्री दीपक खड्काको 'कच्चा' कूटनीति

भारतीय विद्युत्मन्त्रीलाई जानकारी नदिई कार्यक्रम राख्दा भएन कोशी करिडोर उद्घाटन

तुम्लिङटार बजारमा कोशी करिडोर उद्घाटन गर्ने कार्यक्रमका लागि भव्य स्टेज र मूल सडकको ठाउँ-ठाउँमा गेट बनाइएको थियो, तर पूर्वजानकारी नदिई राखेको कार्यक्रममा उपस्थित नहुने भारतीय मन्त्री मनोहरलाल खट्टरले सूचना दिएपछि कार्यक्रम रद्द गरियो

संखुवासभामा **नवीन गुरुङ**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भारतीय विद्युत, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरको पूर्वजानकारीविना कार्यक्रम राख्दा कोशी करिडोर दुई सय २० केभी प्रसारणलाइनको उद्घाटन रोकिएको छ।

ऊर्जा मन्त्रालयले मंगलबार दिउँसो संखुवासभाको तुम्लिङटारमा भव्य कार्यक्रमबिच निर्माण सम्पन्न भएको कोशी करिडोर परियोजनाको उद्घाटन कार्यक्रम राखेको थियो। कोशी करिडोर दुई सय २० केभी प्रसारणलाइनअन्तर्गत इनरुवा-वसन्तपुर-बानेश्वर-तुम्लिङटार दुई सय केभी प्रसारणलाइन तथा २२०-१३३-३३ केभी तुम्लिङटार सबस्टेसन, २२०-३३ केभी बानेश्वर सबस्टेसन तथा २२०-१३३-३३ केभी वसन्तपुर सबस्टेसनको निर्माण सकिएको हो।

भारतीय मन्त्री खट्टर र ऊर्जामन्त्री खड्काले संयुक्त रूपमा सो परियोजनाको उद्घाटन गर्ने तालिकासहितको निमन्त्रणा कार्ड स्थानीय जनप्रतिनिधि, सरोकारवाला र सञ्चारमाध्यमलाई पठाइएको थियो। तर, पूर्वजानकारी नभएको कार्यक्रममा उपस्थित नहुनेबारे भारतीय मन्त्री खट्टरले सोमबार साँझ ऊर्जा मन्त्रालयलाई जानकारी गराए। लगत्तै, तुम्लिङटारमा आधाभन्दा बढी निर्माण भइसकेको भव्य सेटसहितको मञ्च सोमबार राति भत्काइएको थियो।

भारतीय मन्त्री खट्टरको स्वागतका लागि तुम्लिङटार बजार प्रवेश गर्ने मुख्य सडकको ठाउँ-ठाउँमा सोमबार दिउँसो नै कोशी करिडोर दुई सय २० केभी प्रसारणलाइनको समुद्घाटन लेखिएको ब्यानरसहितको गेटसमेत बनाइएको थियो।

कोशी करिडोर परियोजना उद्घाटन हुन नपाए पनि मंगलबार बिहान संखुवासभा पुगेको ऊजामन्त्री



प्रसारणलाइनको उद्घाटनमा आउने अतिथिको स्वागतमा बनाइएको गेट

● **दिव्यराज पोखेल**, सिडिओ, संखुवासभा



मन्त्रीज्यूहरूले पावरहाउस र ड्यामसाइटको अवलोकन गरेर प्रगति विवरण लिनुभयो। बर्सात भएकाले कार्यक्रम छिटो-छिटो गरेर नेपाली सेनाको हेलिकोप्टरबाट काठमाडौं फर्किनुभएको छ।

खड्कासहितको भारतीय टोलीले अरुण तेस्रो जलविद्युत् परियोजनाको चिचिला गाउँपालिका- ३ स्थित दिदिङ पुखुवामा रहेको पावरहाउसको टर्बाइन उद्घाटन गरेको छ। त्यस्तै, मकालु गाउँपालिका- ५ स्थित फ्याक्सिन्दामा रहेको ड्यामसाइडको निरीक्षण गरी टोली मंगलबार दिउँसो काठमाडौं फर्किएको छ। भारतीय एक्जिम बैंकको अगुवाइमा परियोजना बनेकाले भारतीय पक्षको उपस्थितिमा उद्घाटन गर्नुपर्ने अवस्था छ। परियोजनामा नेपालको पनि थोरै लगानी छ।

सो आयोजनाको कार्यालय खाँदबारी नगरपालिका- ९ स्थित तुम्लिङटारमा छ। ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरणको केन्द्रीय कार्यालयबाटै आयोजनाको समुद्घाटन गर्ने कार्यक्रमस्थलको स्टेज झकिझकाउ र भव्य बनाउन निर्देशनसमेत आएको थियो। निर्देशनअनुसार बाटोमा स्वागत गेट निर्माणको काम दिउँसोसम्म सकेर स्टेज निर्माणको काम आधा मात्रै सकेको अवस्थामा उद्घाटन कार्यक्रम स्थगित भएको जानकारी पाएको कोशी कोरिडोर प्रसारणलाइन आयोजनाका प्रमुख राघवेन्द्र झाले बताए।

'सोमबार राति नै ऊर्जा मन्त्रालयबाट प्रसारणलाइनको उद्घाटन कार्यक्रम स्थगित भएको जानकारी आयो। त्यसपछि स्टेज निर्माण कार्य बन्द गरियो,' उनले भने, 'कार्यक्रम किन स्थगित भयो भन्नेबारे हामीलाई जानकारी भएन। मन्त्रालयबाट स्थगित भयो भन्ने खबर आएपछि कामलाई स्थगित गर्‍यौं।'

उनले निर्माण भएजति स्टेज पनि भत्काएर निकालेको जानकारी दिए। स्थानीय स्तरमा भने मौसम प्रतिकूलताका कारण प्रसारणलाइनको उद्घाटन कार्यक्रम रद्द गरिएको जनाएको छ।

